# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१९१५४००,
९८४११५१२१७, ९८४१२६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ७७ | काठमाडौं | बुधबार, २५ असार २०८२ | Prabhab National Daily | Wednesday, July 09, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## विद्यालाई रोक्न देउवाको दबाब



■ प्रभाव संवाददाता

**काठमाडौं–** मंगलबार बिहान कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्रीनिवास बालुवाटार पुगे । रसुवाको रसुवागढी नाकामा आएको भीषण बाढीबारे छलफल गर्न बसेको भनिएको बैठकमा कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र गृहमन्त्री रमेश लेखक सहभागी थिए । नेकपा एमालेबाट प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीसहित महासचिव शंकर पोखरेल र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल सहभागी थिए ।

उक्त बैठकमा ओलीले सुरुमै कांग्रेस केन्द्रीय समिति बैठकबारे चासो राखे । 'केन्द्रीय समिति लामो चल्यो यसपटक, के-के आयो बैठकमा ?,' ओलीले आफैं विषयप्रवेश गराए । ओलीले यसरी सोधिएको बैठकमा उपस्थित एमाले नेताहरू हेर्दा पूर्वराष्ट्रपति विद्या भण्डारीनिकट ईश्वर पोखरेल थिएनन् । गठबन्धनको बैठकमा सधैंजसो ओलीको छेवैमा देखिने ईश्वरको ठाउँ यसपटक महासचिव शंकरले ओगटेका थिए ।

पूर्वराष्ट्रपति भण्डारीले ओली स्पेन उड्ने दिन असार १४ गते नै आफूले एमालेको सदस्यता लिएको बताएकी थिइन् । हुन त भण्डारीले २०८१ असारमै एमालेको सदस्यता नवीकरण गरेकी थिइन् । पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा फर्केपछि आत्तिएका ओलीले आफूले सार्वजनिकरूपमा

- कांग्रेस नेता विमलेन्द्र निधिले यो विषय व्यवस्थामाथिकै प्रश्न भएकोले पार्टीले 'नोटिस'मा लिनुपर्ने बताएका थिए
- एक पटकभन्दा बढी राष्ट्रपति बन्न नपाइने व्यवस्था लागू गर्नुपर्ने प्रस्ताव अघि सारेका कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पनि भण्डारीको सक्रियतामाथि उठाए थिए प्रश्न
- सानेपाको यही प्रश्न उठाउँदै कांग्रेस सभापति देउवाले एमाले अध्यक्ष ओलीलाई सोधे– साथीहरूले नोटिसमा राख्नुपर्छ भनेका छन् । आर्मी चिफ भइसकेको मान्छेलाई फेरि पार्टीको सदस्य दिने तपाईंले ?

आलोचना गर्न सकेका छैनन् ।

यद्यपि, कांग्रेस बैठकमा भण्डारीको 'कमब्याक'बारे चर्चा भएको थियो । कांग्रेस नेता विमलेन्द्र निधिले यो विषय व्यवस्थामाथिकै प्रश्न भएकोले पार्टीले 'नोटिस'मा लिनुपर्ने बताएका थिए । 'रिटायर्ड राष्ट्रपति राजनीतिमा फर्किने कुराले एमालेलाई प्रभाव पर्ला ।

क्रमशः पृष्ठ २ मा

रसुवा बाढीको बितण्डा

# नौ जनाको मृत्यु, १९ जना बेपत्ता

## रसुवागढी नाकाको मित्तेरी पुल बगाउँदा चीनसँगको व्यापार ठप्प







**नेपाल–चीन सीमास्थित भोटेकोशीमा मंगलबार बिहान आएको बाढीले रसुवागढी नाका क्षेत्रमा पुऱ्याएको क्षतिको अवलोकन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली (बायाँ माथि), बाढीपछि त्रिशूली नदीको बीचमा फसेका दुई जनालाई हेलिकप्टरमार्फत उद्धार गर्दै नेपाली सेना र बाढीले नेपाल–चीन जोड्ने मित्तेरी पुल बगाएर क्षतिग्रस्त भएको स्थान ।** *तस्बिरहरू: रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** रसुवास्थित नेपाल-चीन सीमामा पर्ने ल्हेन्देखोला र भोटेकोशीमा मंगलबार बिहानै आएको बाढीमा परी ठूलो जनधनको क्षति भएको छ । समाचार तयार पार्दासम्म नौ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयले मंगलबार राति उपलब्ध गराएको विवरणअनुसार अझै १९ जना बेपत्ता रहेका छन् । उक्त बाढीमा परेर रसुवाबाट हराइरहेका प्रहरी सहायक निरीक्षक लालबहादुर श्रेष्ठको शव चितवनको १५ किलोस्थित त्रिशूली नदी किनारमा फेला परेको छ । कूल २० जना बेपत्ता रहेकामा उनको शव फेला परेपछि अब १९ जना बेपत्ता रहेका प्रहरीको केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए । उनका अनुसार दुई प्रहरी, छ जना चिनियाँ नागरिक र ११ जना सर्वसाधारण बेपत्ता छन् । यस्तै ५७ जनाको उद्धार भएको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

बाढीले नेपाल र चीनको व्यापारिक नाका रसुवागढीस्थित मितेरी पुलसमेत बगाएको छ । यससँगै नेपाल-चीन सीधा व्यापार ठप्प भएको छ । चाडबाड आउन लाग्दा बाढीले उक्त पुल बगाएपछि चिन्ता थपिएको छ । बाढीले पुल क्षेत्र जाने भोटेकोशी र त्रिशूली नदी किनारामा रहेका सडक तथा भौतिक संरचनामासमेत क्षति पुऱ्याएको छ ।

### हिमताल फुटेको आशंका

भोटेकोशी नदीमा आएको बाढी अविरल वर्षाका कारण नभएको मौसमविद्हरूले बताए छन् । उक्त बाढी हिमताल विष्फोटनसँग सम्बन्धित हुनसक्ने उनीहरूको आकलन छ ।

क्रमशः पृष्ठ २ मा

### विद्युत् आयोजनामा ठूलो क्षति

नेपाल विद्युत् प्राधिकरणले तिब्बतबाट आएको बाढीले त्रिशूली नदीको माथिल्लो क्षेत्रका तीनवटा जलविद्युत् आयोजनामा क्षति पुऱ्याएको जनाएको छ । बाँकी चारवटा जलविद्युत् आयोजनाले पनि उत्पादन बन्द गरेका छन् । प्राधिकरणका प्रवक्ता राजन ढकालले जनाएअनुसार त्रिशूली जलाधार क्षेत्रका सबै आयोजनाबाट उत्पादन बन्द हुँदा राष्ट्रिय प्रसारणमा करिब ३०० मेगावाट आपूर्ति रोकिएको र त्यसले निर्यात प्रभावित भएको छ ।

क्रमशः पृष्ठ २ मा

### चिनियाँ भूमिमै रोकियो हेलिकप्टर

करिब १५० जना नागरिकलाई सुरक्षित स्थानतर्फ लैजान भन्दै उद्धारका लागि उडेको नेपाली सेनाको हेलिकप्टर चिनियाँ भूमिमा आकस्मिक अवतरण गरिएको छ । चिनियाँ सुरक्षा अधिकारीले अनुमतिविना प्रवेश गरेको भन्दै रसुवागढीपारि चिनियाँ भूमिमा नेपाली सेनाको हेलिकप्टरलाई 'फोर्स ल्याण्डिङ' गराएको बताइएको छ । नेपाली सेनाले भने प्राविधिक समस्याका कारण रोकिएको र मर्मत गरेर छिट्टै हेलिकप्टर फर्किने दाबी गरेको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ:वैदेशिकरोजगार

रेमिट्यान्समा नयाँ 'रेकर्ड'

# ११ महिनामै भित्रियो १५ खर्ब ३२ अर्ब

## जेठमा हालसम्मकै धेरै एक खर्ब ७६ अर्ब

■ ममता थापा

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामै मुलुकमा भित्रिने रेमिटचान्स (विप्रेषण)ले नयाँ 'रेकर्ड' बनाएको छ । गत साउनदेखि जेठ मसान्तसम्मको अवधिमा १५ खर्ब ३२ अर्ब ९३ करोड रूपैयाँ रेमिटचान्स भित्रिँदा नयाँ रेकर्ड बनेको हो । यो रकम एक आर्थिक वर्षभित्र भित्रिएको हालसम्मकै उच्च रकम हो, जबकि चालु आवको एक महिना (असार) अझै बाँकी नै छ ।


गत आर्थिक वर्ष २०८०/८१ को १२ महिनामा कूल १४ खर्ब ४५ अर्ब रूपैयाँ रेमिटचान्स भित्रिएको तथ्यांक छ । चालु आवमा भने ११ महिनामै अघिल्लो आवकोभन्दा ८७ अर्ब ६१ करोड रूपैयाँ बढी विप्रेषण भित्रिएको नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा उल्लेख छ ।

चालु आवको जेठ मसान्तसम्म विप्रेषण आप्रवाह १५.५ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो आवको सोही अवधिमा यस्तो वृद्धिदर १७.२ प्रतिशत रहेको थियो । राष्ट्र बैंकका अनुसार चालु आवको जेठ महिनामा मात्रै विदेशबाट एक खर्ब ७६ अर्ब ३२ करोड रूपैयाँ रेमिटचान्स आएको छ । अघिल्लो आवको जेठ महिनामा एक खर्ब २८ करोड ९२ करोड रूपैयाँ भित्रिएको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १२.७ प्रतिशतले वृद्धि भई ११ अर्ब २५ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ । जबकि, अघिल्लो वर्षको यसै अवधिमा यस्तो आप्रवाह १७.३ प्रतिशतले वृद्धि भई नौ अर्ब ९८ करोड कायम भएको थियो ।

गत आव २०८०/८१ को ११ महिनामा विप्रेषण आप्रवाह १९.३ प्रतिशतले बढेर १३ खर्ब २७ अर्ब ५१ करोड रूपैयाँ पुगेको थियो । त्यसको तुलनामा चालु आवको सोही अवधिमा दुई खर्ब पाँच अर्ब ४२ करोड रूपैयाँ बढी रेमिटचान्स आएको छ ।

क्रमशः पृष्ठ २ मा



स्रोत: नेपाल राष्ट्र बैंक

- चालु आवको ११ महिनामै भित्रियो अघिल्लो आवकोभन्दा ८७ अर्ब ६१ करोड रूपैयाँ बढी विप्रेषण
- वैदेशिक रोजगारीमा जानेको संख्या र वैधानिक प्रक्रियाबाट पढाउने प्रवृत्ति बढ्दा रेमिट्यान्समा सकारात्मक प्रभाव

प्रतिनिधिसभामा श्रममन्त्रीको जवाफ

## विदेशका जेलमा रहेका नेपालीको तथ्यांक खोजिँदै



- संख्या यकीन गर्न कूटनीतिक पहल थालिएको जानकारी
- कुन देशका जेलमा कति संख्यामा नेपाली छन् भन्ने खोजिँदै
- श्रम स्वीकृति अनिवार्य नरहेकाले भारतमा काम गर्ने नेपाली श्रमिकको तथ्यांक नरहेको स्वीकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विदेशका जेलमा रहेका नेपालीको संख्या यकीन गर्न कूटनीतिक पहल थालिएको बताएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सदनमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा मन्त्री भण्डारीले कुन देशका जेलमा कति संख्यामा नेपाली छन् भनेर खोजीनिती भइरहेको बताए ।

'नेपालीहरू विभिन्न देशका जेलमा रहेको सत्य हो । तर ठ्याक्कै कति भन्ने तथ्यांक छैन । मन्त्रालयले खोजेर सदनलाई जानकारी गराउने छ,' उनले भने, 'कानुनी सहयोग पाउन नसक्दा उनीहरू थप समस्यामा परेकाले सम्बन्धित देशका कानुन व्यवसायीको सहयोग र विभिन्न नियोगलाई यसबारे बुझ्न लगाइएको छ ।'

श्रममन्त्री भण्डारीले हालसम्म विदेशमा ज्यान गुमाएका १४ हजारभन्दा बढी नेपालीको शव ल्याइएको बताए । वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परीक्षणलाई पूर्ण अनलाइन प्रणालीमा लैजाने तयारी भइरहेको उनको भनाइ छ । भारतमा काम गर्नका लागि श्रम स्वीकृति अनिवार्य नरहेकाले त्यहाँ काम गर्ने नेपाली श्रमिकको तथ्यांक नरहेको उनले स्वीकार गरे ।

वैदेशिक रोजगार ऐन, २०६४ संशोधन र परिमार्जन गरी समयसापेक्ष बनाउन मन्त्रालयले प्रक्रिया अघि बढाएको उनले सदनलाई जानकारी गराए । अहिले वैदेशिक रोजगारीमा जानेहरू ठगीमा परेको भनेर ३६ हजारभन्दा बढी मुद्दा वैदेशिक रोजगार विभागमा दर्ता भएको उल्लेख गर्दै मन्त्री भण्डारीले विभागले अनुसन्धानदेखि मुद्दा दर्तासम्मको काम गर्न त्यहाँको संरचना अपर्याप्त रहेको उल्लेख गरे ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## नौ जनाको...

चीनको तिब्बत क्षेत्रमा रहेको कुनै हिमताल फुटेर भोटेकोशीमा एक्कासि बाढी आएको हुन सक्ने भनिएको छ। जनधनको क्षति हुनेगरी आएको बाढीबारे जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान महाशाखाले प्रारम्भिक अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनअनुसार मंगलबार बिहान करिब ३ बजे तिब्बत क्षेत्रबाट एक्कासि ठूलो बाढी प्रवेश गरेको जनाएको छ।

महाशाखाका अनुसार विश्व मौसम संगठनको फ्ल्यास फ्लड गाइडन्स सिस्टमको ग्लोबल हाइड्रोएस्टिमेटर स्याटलाइट-बेस्ड प्रिसिपिटेसन एस्टिमेट्सले भोटेकोशी जलाधार क्षेत्रमा विगत गत २४ घण्टामा वर्षा भएको देखिँदैन। तर, पनि भोटेकोशी नदीमा आएको ठूलो बाढी आयो।

रसुवाले अकल्पनीय क्षति क्षणभरमै बेहोर्नुपर्‍यो। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले पनि वर्षाका कारण नभई कुनै हिमताल फुटेर रसुवाको भोटेकोशी नदीमा बाढी आएको हुनसक्ने आशंका गरेको छ। प्रेस विज्ञप्ति जारी गर्दै इसिमोडले हिमताल फुटेको हुनसक्ने बताएको हो। 'रसुवामा सोमबार आएको बाढीको खास कारण पहिचान गर्न अझै समय लाग्ने छ, तर प्रारम्भिक अनुसन्धानबाट उक्त बाढी अत्यधिक वर्षाका कारण आएको थिएन। मौसमी बादलको आवरण हटेपछि मात्रै उपग्रह चित्रमार्फत थप अध्ययन गरेर विस्तृत अनुसन्धान गर्न सकिने छ,' विज्ञप्तिमा भनिएको छ।

### खोज तथा उद्धार कार्य थप प्रभावकारी बनाउन निर्देशन

बाढीको घटनापछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकले रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२, रसुवागढी बाढीमा बेपत्ता भएकाको खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बालुवाटारमा बसेको बैठकले बाढीको सम्भावित कारण र हालसम्म प्राप्त क्षतिको विवरणको जानकारी लिँदै दुर्घटनाका मृतकप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना व्यक्त गरेको छ। बैठकले नेपाल-चीन जोड्ने नाका रसुवागढीस्थित भोटेकोशी नदीको मितेरी पुल बगाइ आवागमन बन्द भएकाले पुल र चीनतर्फको बाटो पुनर्निर्माण गरी केरुङ नाका सञ्चालन गर्न परराष्ट्र मन्त्रालयमार्फत मित्रराष्ट्र चीनसँग समन्वय गर्ने निर्णय गरेको छ।

जिल्ला प्रशासन कार्यालय रसुवाले सार्वजनिक गरेको विवरणअनुसार प्रहरी मुना ठाकुर र लोकेन्द्र बोहरा बेपत्ता छन्। उनीहरू उद्धारका लागि गएका थिए। अन्य बेपत्ता भएकामा बर्दियाका जिपन चौधरी, सन्तोष दहित, बुद्धिराम थारु, लक्ष्मीनारायण थारु र सुरेश थापा छन्। बागलुङका नरेन्द्र विक, सिन्धुपाल्चोकका फुर्वा लामा, ठेगाना नखुलेका गोविन्द मोक्तान, लोकमान तामाङ, धनराज विक, दिल तामाङ, चिनियाँ नागरिक यु युइ, लि हुआकिङ, याङ चुआन, हाई हाङ, यु सियाओ क्यु र जोउ योङ बेपत्ता छन्। रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलका अनुसार सुरक्षाकर्मी र स्थानीयवासी उद्धारका लागि जुटेका छन्।

### बाढीग्रस्त क्षेत्रमा प्रधानमन्त्री

भोटेकोशी नदीमा आएको बाढीका कारण पुगेको जनधनको क्षतिको स्थलगत अवलोकनका लागि प्रधानमन्त्री केपी शर्मा ओली रसुवा पुगे। त्यहाँ उनले बाढीबाट भएको क्षति, उद्धार र राहतबारे स्थानीय प्रशासन, जनप्रतिनिधि र स्थानीयबासीसँग छलफल गरेका थिए।

ओलीले क्षतिग्रस्त क्षेत्रबाट बेपत्ता भएकाहरूको स्थिति, नेपाल-चीन सीमानाको रसुवागढी भन्सारको क्षतिग्रस्त सुक्खा बन्दरगाह, बगाइएका मालबाहक कन्टेनर बगाउँदा भएको क्षतिको विवरणबारे चिन्ता र चासो व्यक्त गरेका थिए।

उनका साथमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, ऊर्जामन्त्री दीपक खड्का, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, मुख्यसचिव एकनारायण अर्याल, नेपालका लागि चिनियाँ राजदूत चेन सोङ, प्रधानसेनापतिसहित चारै सुरक्षा निकायका प्रमुखलगायत पुगेका थिए।

यसैबीच प्रधानमन्त्री ओलीले रसुवामा मंगलबार गएको बाढीमा परी बेपत्ता भएकाहरूको खोज र उद्धारलाई अझ प्रभावकारी बनाइने बताएका छन्। बाढीप्रभावित क्षेत्रको अवलोकन गरी फर्किएपछि बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकले उक्त निर्णय गरेको प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमार्फत जानकारी दिएका हुन्।

उनले भने, 'बैठकमा घटनाका मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै मृतक र बेपत्ता परिवारलाई प्रचलित कानुनअनुसार तत्काल राहत उपलब्ध गराउने र घाइतेहरूको नि:शुल्क उपचारको व्यवस्था मिलाउने निर्णय भएको छ।'

■■■

## विद्युत् आयोजनामा...

सर्वाधिक रसुवागढी जलविद्युत् आयोजनाको बाँध पुनर्निर्माणका लागि ठूलो खर्च र लामो समय लाग्न सक्ने आकलन प्राधिकरणको छ। चिलिमे जलविद्युत् आयोजनामा पनि बाढीले क्षति पुर्‍याएको छ। बाढीबाट त्रिशूली थ्री 'ए' मा पनि क्षति पुगेको छ।

सर्वाधिक क्षति भएको भने त्रिशूली थ्री 'बी'को सबस्टेसनमा भएको प्राधिकरणले जनाएको छ। अन्य चारवटा आयोजनामा क्षति नपुगे पनि लेदोसहितको बाढीका कारण आयोजनाहरूले उत्पादन रोकेको प्राधिकरणका प्रवक्ता ढकालले प्रभावलाई बताए।

■■■

## चिनियाँ भूमिमै...

यहीबीच जिल्ला प्रशासन कार्यालय रसुवाले चीनको तिब्बतबाट रसुवागढी नाकामार्फत नेपाल प्रवेश गरेका ५५ जना यात्रुलाई सफलतापूर्वक उद्धार गरिएको जानकारी दिएको छ। यसरी उद्धार गरिएकामा ५० जना नेपाली नागरिक छन्। बाढीले सामानसहित २३ वटा कन्टेनर बगाएको छ। ३५ वटा इभी गाडी र छ वटा सिनो ट्रक बगाएको जिल्ला प्रशासन कार्यालय रसुवाले जनाएको छ।

■■■

## विद्यालाई रोक्न...

तर एउटा पार्टीको विषय होइन प्रणालीसँग सम्बन्धित विषय हो। हामीले ल्याएको प्रणालीमा विश्वास गर्छौं,' निधिले भने, 'समग्रमा राजनीतिक प्रणालीको विषयमा कांग्रेसले नोटिसमा लिने कि नलिने ?'

एकपटकभन्दा बढी राष्ट्रपति बन्न नपाइने व्यवस्था लागू गर्नुपर्ने प्रस्ताव अघि सारेका कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पनि भण्डारीको सक्रियतामाथि प्रश्न उठाएका थिए। 'राष्ट्रपति संस्थाको गरिमा उच्च ढंगले स्थापित गर्न सकिएको छैन। एक दशकपछि पूर्वराष्ट्रपति राजनीतिमा आएपछि यो विषयमा विधिवत्रूपमा डकुमेन्टमा बोल्नुपर्छ। यस पछाडिका विषयमा गाम्भीर्यता राख्नुपर्ने हुन्छ,' शर्माले भनेका थिए, 'देशले अभिभावकविहीनताको अनुभूति गर्न सक्छ। पूर्वराष्ट्रपतिलाई अभिभावक मान्नुपर्ने हुन्छ। हामीसँग राष्ट्रपति र प्रधानमन्त्रीका उम्मेदवारको अभाव छैन।'

सायद यो विषय ओलीले कांग्रेस सभापति देउवाको मुखैबाट सुन्न चाहन्थे। देउवाले यही विषय जोड्दै ओलीलाई सोधे- साथीहरूले नोटिसमा राख्नुपर्छ भनेका छन्। आर्मी चिफ भइसकेको मान्छेलाई फेरि पार्टीको सदस्य दिने तपाईंले ?

देउवासँगै पुगेका कांग्रेस उपसभापति खड्काले पनि यस विषयमा केन्द्रीय समितिमा उठेका विषय बेलिविस्तार लगाए। त्यसपछि ओलीले आफूले यो विषय रोक्नै नसकेको बताएका थिए। यद्यपि विद्याको कमब्याकबारे पार्टीमा विस्तृत छलफल हुन बाँकी रहेको ओलीको दाबी थियो।

### विद्यालाई रोक्नैपर्ने कांग्रेसको बाध्यता

नेपाली कांग्रेस जसरी पनि विद्यालाई एमालेको सक्रिय राजनीतिमा आउनबाट रोक्न चाहेको देखिन्छ। यसमा कांग्रेसले देखाएको मूल कारण हो- प्रणालीमाथिको प्रहार रोक्नु। कांग्रेसका अनुसार संवैधानिक राष्ट्रपति उच्च पद हो। यसकारण ऊ फेरि सक्रिय राजनीतिमा फर्कन मिल्दैन। प्रथम राष्ट्रपति डा. रामवरण यादवलाई कांग्रेसले यसको उदाहरणको रूपमा अघि सादै आएको छ। तर संविधानले राष्ट्रपतिलाई फेरि राजनीतिमा आउन भने रोक्दैन।

अहिले नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टी कांग्रेससँग झस्किएको छ। एमालेलाई साथ दिएयता दुई दल कांग्रेससँग टाढा हुन थालेको हो। ओली नेतृत्वको नेकपाकालमा यी दुई दलले कांग्रेस सभापति देउवालाई सानेपादेखि बूढानीलकण्ठ पुगेर प्रधानमन्त्री बनिदिन अनुनय गरेका थिए। ओलीबाट पेलिएका उनीहरूले देउवालाई प्रधानमन्त्री बनाएरै छाडे। तर उनै देउवा अहिले ओलीसँग नजिकिएका छन्।

यही वातावरणमा विद्यालाई कम्युनिस्ट एकताका लागि चीनकोसमेत सहयोग रहेको राजनीतिक क्षेत्रमा चर्चा छ। यसको मुख्य चाँजोपाँजो मिलाउन केही समयअघि विद्या चीन भ्रमणमासमेत पुगेकी थिइन्। नेकपाकालमा विद्याको नेतृत्वमा माओवादी र एकीकृत समाजवादी फेरि एमालेसँगै मिल्नेगरी उनको कमब्याक हुन लागेको चर्चा छ। माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सोमबारमात्र वाम एकताबारे भण्डारीसँग प्रस्ताव राखेका थिए। माओवादी केन्द्रले भने यसलाई तथ्यहीन भन्दै खण्डन गरेको छ।

पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले सोमबार नै विज्ञप्ति जारी गर्दै यसको खण्डन गरेका हुन्। 'कतिपय सञ्चारमाध्यममा वाम एकताका लागि एमालेसमक्ष माओवादी प्रस्ताव शिर्षकमा समाचार प्रकाशन भएकोप्रति हाम्रो पार्टीको ध्यानाकर्षण भएको छ। उक्त समाचारमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई हाम्रो पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भेटेर एमालेसहितको वाम एकताको प्रस्ताव राखेको उल्लेख गरिएको छ। हाम्रो पार्टीको एमालेसँग एकता गर्ने नीति र सोच नरहेको स्पष्ट पार्दछौं,' सापकोटाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। ओलीसहित बाम ध्रुवीकरणमा विद्याको नेतृत्व भए एकीकृत समाजवादी र माओवादी आउने बताइन्छ। यो एकता कांग्रेसका लागि खतरा हो। त्यसैले पनि कांग्रेसले जसरी पनि विद्यालाई सक्रिय राजनीतिमा रोक्न चाहन्छ।

■■■

## ११ महिनामा...

समीक्षा अवधिमा वैदेशिक रोजगारीमा जानका लागि संस्थागत र व्यक्तिगत माध्यमबाट चार लाख ५२ हजार ३२४ जनाले अन्तिम श्रम स्वीकृति लिएका छन्। सोही अवधिमा तीन लाख आठ हजार ६७ जना पुन: श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुक गएका छन्। अघिल्लो वर्षको यसै अवधिमा चार लाख २१ हजार ३५६ जना संस्थागत र व्यक्तिगत माध्यमबाट तथा दुई लाख ६१ हजार २१० जना पुन: श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए। समग्रमा अघिल्लो वर्षको ११ महिनामाभन्दा चालु आवको सोही अवधिमा ७७ हजार ८२५ जना बढी रोजगारीमा गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ।

चालु आवको ११ महिनामध्ये सबैभन्दा बढी रेमिटयान्स जेठ र सबैभन्दा कम कात्तिकमा आएको देखिन्छ। जेठमा एक खर्ब ७६ अर्ब ३२ करोड रूपैयाँ तथा कात्तिकमा एक खर्ब १४ अर्ब ३२ करोड रूपैयाँ रेमिटयान्स भित्रिएको राष्ट्र बैंकको तथ्यांक छ। चालु आवको पहिलो महिना साउनमा एक खर्ब ३६ अर्ब ९३ करोड रूपैयाँ आएको थियो।

यसैगरी भदौमा एक खर्ब २६ अर्ब २१ करोड रूपैयाँ, असोजमा एक खर्ब ४४ अर्ब १७ करोड, मंसिरमा एक अर्ब १८ अर्ब ८० करोड, पुसमा एक खर्ब २२ अर्ब ६५ करोड, माघमा एक खर्ब ३७ अर्ब पाँच करोड, फागुनमा एक खर्ब ५१ अर्ब १९ करोड, चैतमा एक खर्ब ३९ अर्ब ५४ करोड, वैशाखमा एक खर्ब ६५ अर्ब ३० करोड रूपैयाँ विप्रेषण भित्रिएको थियो।

वैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्नुका साथै वैधानिक माध्यमबाट रकम पठाउन थालेसँगै रेमिटयान्सको रकम बढ्न पुगेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। राष्ट्र बैंकले वैधानिक माध्यमबाट आएको विप्रेषणको मात्र तथ्यांक राख्दै आएको छ। हुण्डीलगायत अवैधानिक माध्यमबाट रेमिटयान्स पठाउने प्रवृत्तिलाई निरुत्साहित गर्न सरकारले विभिन्न योजनासमेत लागू गरेको छ। ती योजनाले केही हदसम्म काम गरेको पाइएको अधिकारीहरूको दाबी छ। यद्यपि, अवैधानिक च्यानल पूर्णरूपमा बन्द भने हुन सकेको छैन।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले पठाउने रेमिटयान्सले मुलुकको अर्थतन्त्रमा झण्डै एकतिहाइ योगदान गरिरहेको तथ्यांकमा देखिन्छ। मुलुकमा रोजगारीको अवसर नहुँदा युवाहरूका लागि वैदेशिक रोजगार बाध्यात्मक बनेको अवस्था छ। सरकारले बाध्यात्मक वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने घोषणा गरे पनि तत्काल त्यसको प्रभाव देखिने सम्भावना नरहेको सरोकारवालाहरूको भनाइ छ।

■■■

## विदेशका...

वैदेशिक रोजगारीमा ठगीमा परेकाहरूको अनुसन्धान र मुद्दा चलाउने काम जिल्ला तहमा पठाउने कानुन संशोधनको तयारी गरिरहेको भण्डारीको भनाइ छ।

आन्तरिक रोजगारी प्रवर्द्धनका लागि नेपाल सरकारले राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१ बाट आगामी दशकलाई आन्तरिक रोजगार प्रवर्द्धन दशक (२०८२/८३-२०९१/९२) का रूपमा मनाउने घोषणा गरेको उनले बताए। आन्तरिक रोजगार प्रवर्द्धनका लागि सरकारले विभिन्न कार्यक्रममार्फत काम गरिरहेको उनले उल्लेख गरे। न्यूनतम रोजगारमा संलग्न हुन चाहने व्यक्तिले हरेक वर्ष फागुनसम्ममा नाम दर्ता गरिसक्नुपर्ने व्यवस्था रहेकामा चालु आर्थिक वर्षका लागि सात लाख ९७ हजार ७२५ र आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सात लाख ४५ हजार ४३५ जनाले नाम दर्ता गराएको जानकारी दिए। सूचीकृत बेरोजगारहरूलाई न्यूनतम रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत न्यूनतम रोजगार दिन चालु आवमा ६० हजार जनालाई रोजगार दिनेगरी बजेट विनियोजन भएको उनको भनाइ छ।

# कालीगण्डकी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह

**म्याग्दी (प्रस)–** मुस्ताङको लोमन्थाङ गाउँपालिका-४ नाम्दोकको छुकार खोलामा आएको बाढीका कारण जोखिममा रहेका म्याग्दीस्थित कालीगण्डकी नदी तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिएको छ।

प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले मंगलबार साँझ एक विज्ञप्ति जारी गर्दै तटीय क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका हुन्।

छुकार कालीगण्डकी नदीको सहायक खोला हो। यहाँको अन्नपूर्ण गाउँपालिकाको गोप्चेपानी टितर, दाना घरा, सुकेबगर, गुइँठे भुरुङ, तातोपानी, पोखरेबगर, ठूलोबगर, महभिर, तिप्ल्याङ, बैसरी, घुमाउने ताल, तिलकेनी र बेनीको कालीपुल क्षेत्र कालीगण्डकी नदीको तटीय क्षेत्रमा रहेका बस्ती हुन्।

नदीमा बाढीको सतह बढ्दा तटीय क्षेत्रमा कटान हुनसक्ने भएकाले सतर्कता अपनाउन स्थानीयबासीलाई प्रशासनले आग्रह गरेको हो।

# म्याग्दीका पर्यटकीयस्थल सुनसान

**म्याग्दी (प्रस)–** वर्षा सुरु भएसँगै यहाँका पर्यटकीयस्थल सुनसान हुन थालेका छन्। घोडेपानी, पुनहिल, मोहरेडाँडा, खोप्रा, टोड्के, अन्नपूर्ण आधार शिविर, सिंगा र भुरुङ, तातोपानी कुण्ड, रूपसे, नारच्याङ झरनालगायत क्षेत्रमा वर्षा सुरु भएसँगै घुम्न आउने पर्यटक घटेका हुन्।

अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीस्थित होटल व्यवस्थापन उपसमितिकी अध्यक्ष मीना पुनले प्रतिकूल मौसमका कारण पछिल्लो समय पर्यटकको आगमन घटेको बताइन्। विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्यका रूपमा रहेको घोडेपानीमा दैनिक एक हजार क्षमताका २५ वटा सुविधायुक्त होटल रहेका जनाउँदै ती होटलहरू आजभोलि सुनसान रहेका उनले उल्लेख गरिन्।

'जेठदेखि भदौसम्म झरी लाग्ने, सडक तथा पदमार्ग अवरुद्ध हुने हुँदा पर्यटन व्यवसायका हिसाबले बेमौसमी मानिन्छ,' पुनले भनिन्, 'पहाडी क्षेत्रमा बादल लागेर हिमाल छोपिने हुँदा पर्यटक आगमन नभएको हो।'

बेनी-जोमसोम सडक भएर मुस्ताङ जानेआउने पर्यटकहरूका लागि थकान मेटाउने थलोका रूपमा रहेको अन्नपूर्ण गाउँपालिका-२ स्थित भुरुङ तातोपानी र प्राकृतिक उपचारस्थलका रूपमा बेनी-४ स्थित सिंगा तातोपानी कुण्ड पनि सुनसान बनेको छ। सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका पूर्वअध्यक्ष वीरेन्द्रमान शाक्यले पर्यटकीय याममा दैनिक एक हजारको हाराहारीमा स्नान गर्ने धार्मिक पर्यटक तातोपानी कुण्डमा स्नान गर्न आउनेमा अहिले दैनिक ५० जना पनि नपुग्ने गरेको बताए।

म्याग्दीमा पदयात्रा, हिमाल आरोहण, हिमशृंखला, सूर्योदय, झरना, गल्छी, ग्रामीण जनजीवन र विभिन्न जातजातिको संस्कृतिको अवलोकनका लागि पर्यटक आउने गर्छन्। असोज, कात्तिक, फागुन, चैत र वैशाख महिना पर्यटकीय यामका रूपमा मानिन्छ।

जेठ, असार, साउन र भदौ महिना पर्यटक आगमन शून्यजस्तै हुने गरेको छ। पर्यटक आगमन बघेसँगै होटल तथा पर्यटन व्यवसायीहरू फुर्सदिला भएका छन्, पदमार्गमा चहलपहल छैन। जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार म्याग्दीमा वार्षिक ३० हजारको हाराहारीमा विदेशी पर्यटक आउने गरेका छन्।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८२/०३/२५ गते*

यस कम्पनीको मिति २०८२/०२/०८ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्वप्न वर्ल्ड स्कुल भक्तपुर**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व सकार्ने व्यहोर्ने गरी **स्वप्न संसार स्कूल भक्तपुर. (दर्ता नम्बर २१७९६)** कम्पनी रजिष्ट्रार कार्यालय कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई मिति २०८२/०२/१४ को निर्णयानुसार **कायम गरिएको** व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनीको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

**कम्पनी दर्ता खारेज गरिने सूचना**

*प्रकाशित मिति २०८२/०३/२५ गते*

यस कार्यालयमा मिति २०७१/०१/०४ मा दर्ता भएको **प्रा.लि.नं. १२१६५२ टि.एफ.प्रिन्ट एण्ड प्याकेजिङ इण्डष्ट्रिज प्राइभेट लिमिटेड** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिनभित्र** यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र **हक दावी** गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार **खारेज** गरिनेछ।



**एस.के.जब डिल मल्टिपर्पोज प्रा.लि. (लिक्वीडेशन) सम्बन्धमा**

**हकदावी गर्न आउने बारेमा सूचना**

*प्रकाशित मिति : २०८२/०३/२५ गते*

कम्पनी ऐन बमोजिम मिति २०७६।०४।१३ मा दर्ता भएको प्रा.लि.नं. २१९७५१ को एस.के.जब डिल मल्टिपर्पोज प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२।०३।१५ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ दिनभित्र** लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पूर्णप्रसाद पराजुली (लिक्वीडेटर)
इजाजत पत्र नं.३८३



**साउदीमा रोजगार** कम्पनी : SALEH HAMAD AL-QAHTANI EST. FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 315720 चलानी नं. ६०२३०१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 1 | 0 | 1700 | ६२,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com



**साउदीमा रोजगार** कम्पनी : Majdi Khairy Al-Tamimi Trading Company

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 326932 चलानी नं. ६०२४०८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 4 | 0 | 1200 | ४३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np



**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८१/१२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 321327 चलानी नं. ६०२३५४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

YUSHO GLOBAL PVT. LTD. श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



**कुवेतमा रोजगार** कम्पनी : MISS LOUNGE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 321148 चलानी नं. ६०२३५३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure | 0 | 5 | 150 | ६७,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०७/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ LT. No. 294763 चलानी नं. ६०२०९८४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 0 | 10 | 85 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

EXPRESS RECRUITER NEPAL PVT. LTD Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**कतारमा रोजगार** कम्पनी : Clock Vision Waste Treatment and Cleaning Services

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ LT. No. 315339 चलानी नं. ६०२२९६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 3600 | १३५,३०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५६,३५५ | | | | | | | |
| 3 | Gen.clean Worker | 3 | 3 | 1000 | ३७,५८५ | | | | | | | |
| 4 | Supervisor | 0 | 1 | 3600 | १३५,३०५ | | | | | | | |
| 5 | Truck Driver / Heavy Driver | 1 | 0 | 2200 | ८२,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Target Consultant Human Resources Pvt. Ltd. श्रम ईजाजत नं. ८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



**बाढीले जोखिममा पैरेबेशीा बस्ती**

नुवाकोटको किस्पाङ गाँउपालिका–५ र रसुवाको उत्तरगया गाँउपालिका–४ स्थित पैरेबेशीं बस्ती । त्रिशूली नदीमा मंगलबार आएको बाढीको बहावले कटान गरेर उच्च जोखिम बनाएसँगै उक्त स्थान खाली गरिएको छ ।

*तस्बिर: रामहरि न्यौपाने/रासस*

# सरकार र चिकित्सक संघबीच तीनबुँदे सहमति, आन्दोलन स्थगित

**काठमाडौं (प्रस)**– सरकार र आन्दोलनरत नेपाल चिकित्सक संघबीच सहमति जुटेको छ । आन्दोलनरत चिकित्सक र सरकारबीच तीनबुँदे सहमति भएसँगै संघले आह्वान गरेका सबै आन्दोलनका कार्यक्रमहरू स्थगन भएको छ ।

उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर आपत्ति जनाउँदै संघको नेतृत्वमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले सोमबार र मंगलबार आकस्मिकबाहेकका सम्पूर्ण सेवा बहिष्कार गरेर सेवा नै ठप्प पारेका थिए । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा संघका प्रतिनिधिसहित स्वास्थ्यमन्त्री प्रदीप पौडेल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीबीच मंगलबार वार्ता भएको थियो ।

मागहरूको सम्बोधन गर्न विद्यमान कानुनी एवं नीतिगत व्यवस्थामा आवश्यक संशोधनलगायत विषयमा सात दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्नेगरी कार्यदल गठन गर्ने सहमति भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा प्रमुख संयोजक, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिवस्तरको एक सदस्य र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सदस्य प्रतिनिधि रहने गरी कार्यदल गठन गर्ने भनिएको छ ।

त्यसैगरी कार्यदलबाट प्राप्त प्रतिवेदन तीनै जना मन्त्री र नेपाल चिकित्सक संघलगायत सरोकारवाला पक्षहरू सम्मिलित यसै वार्तामा टोलीमा पेस गरी सोहीअनुसार कार्यान्वयन गर्ने, उपभोक्ता संरक्षण ऐन, २०७५ लगायतका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको आवश्यक संशोधनका लागि ११ दिनभित्रमा नेपाल सरकार मन्त्रिपरिषद्बाट सम्बन्धित मन्त्रालयले सैद्धान्तिक सहमति लिने र 'फास्ट ट्र्याक'बाट कानुन संशोधनका लागि यथाशीघ्र प्रक्रियाअघि बढाउने सहमति भएको छ ।

नेपाल चिकित्सक संघलगायत सरोकारवाला संघसंस्थाले सबै किसिमको आन्दोलन मंगलबारदेखि नै स्थगन गरी नियमित सेवा पुन: सञ्चालन गर्ने पनि सहमति जुटेको हो । चिकित्सकहरूले उपभोक्ता संरक्षण ऐन, २०७५ को व्यवस्था संशोधन गर्नुपर्ने माग राख्दै आन्दोलनमा उत्रेका थिए । बिरामीको उपचारमा लापरवाही गरेको भन्दै उपभोक्ता अदालतले पछिल्लो समय केही अस्पताललाई क्षतिपूर्ति तिराउने फैसला गरेको थियो ।

# पूर्वप्रधानन्यायाधीश श्रेष्ठलाई 'हेमबहादुर मल्ल सम्मान'

**काठमाडौं (प्रस)**– नेपाल जनप्रशासन संघले यस वर्षको 'हेमबहादुर मल्ल सम्मान' पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठलाई प्रदान गर्ने भएको छ । न्यायिक नेतृत्व र संस्थागत विकासमा पुर्‍याएको योगादनस्वरूप श्रेष्ठलाई सो पुरस्कार प्रदान गर्न लागिएको मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

यही असार २६ गते आयोजना गरिने विशेष समारोहमा सो पुरस्कार समर्पण गरिने संघका अध्यक्ष मधुरमण आचार्यले जानकारी दिए । सो पुरस्कारको राशि दुई लाख रूपैयाँ रहेको छ । कानुन र राजनीतिशास्त्रमा औपचारिक शिक्षा प्राप्त गरी जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतको न्यायाधीशहुँदै श्रेष्ठ मुलुकको २५औं प्रधानन्यायाधीश बनेका थिए ।

संक्रमणकालीन न्याय, समावेशी लोकतन्त्र र वातावरण समन्यायका सवालमा श्रेष्ठका विचार, अडान र फैसलाको ऐतिहासिक भूमिकालगायतको विशिष्ट योगदानको कदरस्वरूप उनलाई यो सम्मान प्रदान गर्ने निर्णय गरिएको अध्यक्ष आचार्यले जानकारी दिए ।



लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीको संयोजकत्वमा गठित सम्मान छनोट समितिले उक्त उनको नाम सिफारिस गरेको हो । छनोट समितिमा संघका अध्यक्ष मधुरमण आचार्य, साल्ट ट्रेडिङ कर्पोरेसनका अध्यक्ष प्रदीपलाल श्रेष्ठ, प्राध्यापक यशोदा काफ्ले र पूर्वसहसचिव जीवराज कोइराला सदस्य तथा संघका निवर्तमान अध्यक्ष कृष्णहरि बाँस्कोटा आमन्त्रित सदस्य रहेका थिए ।

ख्यातीप्राप्त प्रशासक एवं व्यवस्थापक मल्लले साल्ट ट्रेडिङ कर्पोरेसनको नेतृत्व तहमा रही सार्वजनिक वितरण, सेवा र व्यवस्थापनमा दिएको योगदनाको कदर गर्दै २०७५ सालमा सो सम्मान स्थापना गरिएको हो ।

संघले सार्वजनिक प्रशासन, व्यस्थापन र सार्वजनिक सेवामा उत्कृष्ट योगदान पुर्‍याउने व्यक्ति वा संस्थालाई बर्सेनि हेमबहादुर मल्ल सम्मान प्रदान गर्दै आएको छ । सो सम्मानबाट यसअघि केदारभक्त माथेमा, चाँदनी जोशी, डा. भगवान कोइराला, महावीर पुन, अम्बिका श्रेष्ठ, भोजराज पोखरेल, कुलमान घिसिङ, डा. सन्दुक रुइत, डा. गौरीशंकरलाल दास र डा. भेषबहादुर थापा सम्मानित भइसकेका छन् ।

# उपल्लो मुस्ताङमा बाढी, तटीय क्षेत्रमा सुरक्षित रहन आग्रह



**मुस्ताङ (प्रस)**– उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका–४ चुमजुङ गाउँमाथिको लेकबाट लेदोसहितको भीषण बाढी आएको छ । मंगलबार साँझ ५ बजेदेखि लोमान्थाङको चुमजुङ लेकबाट भीषण लेदोसहितको बाढी आएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले जानकारी दिए ।

यो समाचार तयार पार्दासम्म चुमजुङ लेकबाट आएको भीषण बाढीका कारण लोमान्थाङ गाउँपालिकाभित्रका करिब चार वटाभन्दा बढी अस्थायी पुल र कल्भट बगाइसकेको गाउँपालिका अध्यक्ष गुरुङले बताए । 'यहाँको चुमजुङ गाउँमाथिको उच्चलेकबाट निकै ठूलो लेदोसहितको भीषण बाढी आइरहेको छ, यसले ठूलो क्षति निम्त्याउन सक्ने जोखिम बढेको छ,' अध्यक्ष गुरुङले भने, 'हामी अहिले बाढीलाई नजिकबाट नियालिरहेका छौं, यहाँबाट मुस्ताङको तल्लो क्षेत्रमा कालीगण्डकी तटीय बस्तीलाई फोनबाट सतर्क रहन आग्रह गरेका छौं ।'

अध्यक्ष गुरुङले उपल्लो मुस्ताङबाट भीषण बाढी आउन सुरू गरेको प्रहरी र प्रशासन सबैलाई जानकारी गराइएको बताए । यहाँको बाढीको प्रभावले कालीगण्डकी तटीय क्षेत्रका बस्तीलाई थप जोखिम हुने देखिएकाले सतर्क रहन हामीले फोनमार्फत सूचना गरेको अध्यक्ष गुरुङको भनाइ छ । उपल्लो मुस्ताङको चुमजुङ गाउँ नेपाल–चीन सीमावर्ती नजिकको गाउँ हो । मंगलबार त्यहाँबाट अकल्पनीयरूपमा भीषण बाढी आउन सुरू गरेको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति: २०६१/१२/१८ मा दर्ता भएको प्रा.लि.नं. ३३६३२ को **काठमाडौं इन्टेरियर्स एण्ड इञ्जीनियरिङ्ग प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुवेतमा रोजगार

कम्पनी : LABAQA CO.FOR THE DELIVERY OF CONSUMER ORDERS WLL

पूर्व स्वीकृति मिति : २०८१/०२/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 306429 | चलानी नं. ६०२२११२१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 3 | 0 | 135 | ६०,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Mob: 9813951511, 9851023416, 9851002766
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## युएइमा रोजगार

कम्पनी : AL DAR AL QADIM BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०३/२३ | LT. No. 326566 | चलानी नं. ६०२४०८५९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 13 | 0 | 1000 | ३७,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Famale) | 0 | 10 | 1000 | ३७,३३८ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 1500 | ५६,००७ | | | | | | | |
| 4 | Office Secretary | 0 | 1 | 2500 | ९३,३४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

## WE ARE HIRING !

**Position: Digital Strategy & International Programs Coordinator**
**Required Number : 1**

We seek a digital strategy professional with international exposure and commercial insight, especially in travel and hospitality. The role involves technical campaign execution, CRM management, UX/UI oversight, and international client engagement.

**Key Responsibilities:**

- Design and execute digital strategies across Meta, Google, CRM.
- Lead campaign development focused on CAC, ROAS, CTR, CPL.
- Conduct A/B testing on ad creatives and landing pages.
- Integrate CRM workflows (e.g., HubSpot) to improve engagement.
- Build Influencer programs for growing organic reach.
- Improve UI/UX using tools like Figma.
- Liaise with partners in U.S. and Europe to promote Nepal travel.

**Minimum Qualifications:**

- Business, leadership or marketing role preferred.
- Demonstrable Experience with digital KPIs (CPM, CPC, CTR, CAC, CPA, ROAS, ROI) to drive down CPL.
- Practical experience with Meta Ads Manager, Google Analytics, Figma, HubSpot
- Exposure to U.S./EU/Australian markets essential.
- Business studies background from foreign college preferred (degree not mandatory).
- A background in business studies from a foreign institution is strongly preferred; a degree is not mandatory.

**Selection Method:**
Shortlisted candidates will be evaluated on the basis of their resumes, technical knowledge and communication skills. Interviews may be conducted as required.

**Application Procedure:**
Interested candidates may email their updated CV along with a cover letter and recent photograph to: advworldnepal@gmail.com latest by 15th July 2025.

## साउदीमा रोजगार

कम्पनी : Gulf Brightness General contracting Est

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326904 | चलानी नं.६०२४०८७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Maha Technical Establishment for Operation and Maintenance

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326902 | चलानी नं.६०२४०८७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 3 | 0 | 1000 | ३६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Star of kingdom contracting services company limited

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326903 | चलानी नं.६०२४०८७४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३६,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Drivers | 1 | 0 | 1800 | ६५,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492,
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम ईजाजत नं. ५७४/०६२/०६३

## कतार/बहराइनमा रोजगार

कम्पनी : NEW WORLD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 308148 | चलानी नं.६०२२२९८२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 1 | 1000 | ३७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८०/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 294989 | चलानी नं.६०२११०८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 1 | 1300 | ४८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1700 | ६३,८६५ | | | | | | | |

कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 314812 | चलानी नं.६०२२९१४२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 2 | 1000 | ३७,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 4 | 0 | 3000 | ११२,७०५ | | | | | | | |
| 3 | Labour | 4 | 0 | 1000 | ३७,५७० | | | | | | | |
| 4 | Store Keeper | 1 | 0 | 1900 | ७१,३८० | | | | | | | |

कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८१/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 318196 | चलानी नं.६०२३२४३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisior | 2 | 0 | 3000 | ११२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Storekeeper | 3 | 0 | 1900 | ७१,३८० | | | | | | | |
| 3 | Sales-man | 1 | 0 | 1300 | ४८,८४० | | | | | | | |
| 4 | Sales Supervisor | 0 | 1 | 3000 | ११२,७०५ | | | | | | | |
| 5 | Labourer | 6 | 0 | 1000 | ३७,५७० | | | | | | | |

कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८०/०६/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 293977 | चलानी नं.६०२०९१५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 2 | 1300 | ४८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General clean worker | 0 | 2 | 1000 | ३७,५७० | | | | | | | |
| 3 | driver | 2 | 0 | 1700 | ६३,८६५ | | | | | | | |

कम्पनी : ANSAR GALLERY

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 321651 | चलानी नं.६०२३५८०३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales-Man | 15 | 2 | 140 | ५०,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 7 | 5 | 150 | ५४,५७० | | | | | | | |
| 3 | Security Guards | 8 | 3 | 140 | ५०,९३५ | | | | | | | |
| 4 | Labour | 12 | 8 | 110 | ४०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL PLACEMENT AGENCY PVT. LTD.**
Govt. License 290/059/60
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999
KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com

## कुवेतमा रोजगार

कम्पनी : KUWAIT DERMAL HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति : २०८२/०३/२३ | LT. No. 326884 | चलानी नं.६०२४०८६१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage Therapist | 0 | 7 | 150 | ६७,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/pedicurist | 0 | 5 | 150 | ६७,३७५ | | | | | | | |

कम्पनी : CONSTRUCTION DYNAMICS GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 320991 | चलानी नं.६०२३५०९७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 150 | ६७,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Decorator | 8 | 0 | 150 | ६७,३७५ | | | | | | | |
| 3 | JCB Operator | 3 | 0 | 200 | ८९,८३५ | | | | | | | |
| 4 | Tile Mason | 6 | 0 | 150 | ६७,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 318298 | चलानी नं.६०२३३१४४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 95 | 0 | 1000 | ३६,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TIGER ASIA TRAVEL & TOURISM COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 321341 | चलानी नं.६०२३५४५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Office Staff | 2 | 0 | 1800 | ६५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AWTAD EMAAR TRADING EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/२२ | LT. No. 326776 | चलानी नं.६०२४०८८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SMALL TRUCK DRIVER | 1 | 0 | 1500 | ५४,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FAST EMPLOYMENT SERVICE (P) LTD**
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## उद्धार र राहत प्रभावकारी बनाऊ

बाढीग्रस्त रसुवागढी क्षेत्रमा प्रधानमन्त्री केपी शर्मा ओलीदेखि बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामासम्म पुगेका छन् । मंगलबार बिहानै आएको बाढीका कारण मंगलबार साँझसम्म नौ जनाको मृत्यु भएको छ भने १९ जना बेपत्ता भएका छन् । अघिल्ला विपत्तिहरू हेर्दा यसपटक सरकारले आफ्नो उपस्थिति बाक्लो बनाएको छ । यो सकारात्मक विषय पनि हो । उक्त क्षेत्रमा बिहानैबाट प्रहरी खटेकाले पनि प्रभावित क्षेत्रका जनताले राहत पाएका छन् ।

त्रिशूली नदीको रुखमा फसेका पाल्देन तामाङ र मंगली तामाङले पनि सरकारकै तदारुकताका कारण आफ्नो ज्यान जोगाउन सफल भए । प्रहरीको मंगलबार राति ११ बजेसम्मको तथ्यांकअनुसार यो बितण्डामा परी दुई प्रहरी, छ जना चिनियाँ नागरिक र ११ जना सर्वसाधारण बेपत्ता छन् । ५७ जनाको उद्धार भएको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

बाढीले नेपाल–चीन सीमा क्षेत्रको मितेरी पुल बगाएको छ भने २४ वटा कन्टेनर, छ वटा ट्रक र ३५ वटा इभी गाडी बगाएको छ । धुन्चेदेखि टिमुरे जाने सडकसमेत अवरुद्ध भएको छ । रसुवागढी हाइड्रोको ड्याम, भन्सार कार्यालय रसुवाको यार्डमासमेत क्षति भएको छ । यसैगरी बाढीका कारण १११ मेगावाटको रसुवागढी, २१.१ मेगावाटको चिलिमे, ६० मेगावाटको त्रिशुली–३ ए, २१ मेगावाटको त्रिशुली र १४ मेगावाटको देवीघाट जलविद्युत् आयोजना बन्द भएको छ ।

बाढीग्रस्त क्षेत्रमा प्रधानमन्त्री ओली नेतृत्वको टोलीमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, नेपालका लागि चिनियाँ राजदूत चेन सोङ, प्रधानसेनापतिसहित चारै सुरक्षा निकायका प्रमुखलगायत पुगेका थिए ।

सरकारी नेतृत्व यसरी नपुग्दा अघिल्ला बाढीपहिरोमा सरकारको आलोचना भएको थियो । यद्यपि यसरी लस्कर लागेर जाँदैमा उद्धार र राहतको काम प्रभावकारी हुने होइन । बरु, सम्बन्धित निकायलाई चुस्तरूपमा क्रियाशील बनाएर उद्धार र राहत कार्य प्रभावकारी बनाउनुपर्छ । राज्यको उच्च ओहोदाका मानिसहरू त्यस्ता स्थानमा पुग्दा सुरक्षाकर्मीलाई काममा भन्दा भिआइपीलाई सुरक्षा दिन अप्ठेरो हुनेतर्फ पनि ध्यान दिन जरुरी छ । अझै बाढीको जोखिम उच्च रहेकाले जोखिम क्षेत्रमा थप मानवीय क्षति हुन नदिन उच्च सतर्कता अपनाइयोस् ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# दल, नेता र कार्यकर्ता सुध्रिनुको विकल्प छैन



■ सुदन किराती

> आज हामीले मानेको 'आइकन'ले चालेको कदम नै भोलि संस्कृति बन्दोरहेछ । आज हामीले गरेको काम नै भोलिको संस्कृति हो । तर आज हामीले त्यो संस्कृति कसरी निर्माण गर्ने भन्नेतिर त्यति धेरै चिन्ता छैन । आजको दिन कसरी राम्रो हुने, अहिलेको अवस्थामा म कसरी सुरक्षित हुने भन्ने मात्रै होडबाजी छ । मैले आज चालेको कदमले अबको २० वर्षपछि त्यसले के प्रभाव दिन्छ भन्ने हेक्का नराखेजस्तो छ । के हामीले नबुझेरै होला त ?

समयसँगै अपेक्षाहरू पनि परिवर्तन हुँदो रहेछ । प्रविधिले खुला संसार बनाइसकेपछि अपेक्षाहरू धेरै नै छ । साँच्चै भन्नुपर्छ, जनताको अपेक्षाअनुसार काम गर्न सकिएको छैन । समयअनुसार काम त गरिराखिएको छ, तर यो दुनियाँलाई हेरेर र भोगेर अनुभवसहित नागरिक आफ्नो देश फर्केका छन् । त्यो अपेक्षालाई चाहिँ पूरा गर्न सकिएको छैन । आवश्यकता र बाध्यताभन्दा पनि धेरै अपेक्षा छ ।

एउटा गाउँपालिकामा चार-पाँच हजारसम्म सडक खनिएका अवस्था छ । ती सबै कालोपत्र होस् भन्ने जनताको अपेक्षा हुने नै भयो । गाउँमा दुई-तीन घण्टा हिँडेपछि मात्रै घर भेटिन्छन् । त्यहाँ सय-डेढ सय खम्बा गाडेर बिजुली लैजानुपर्ने छ । सडक, विद्युत्लगायत अपेक्षा पूरा गर्न हरसम्भव कोसिस भइरहेकै छ । तर अपेक्षा उच्च छ, त्यो देशको अहिलेको सामर्थ्यले पूरा गर्न सक्दैन । देशमा योजनाबद्ध विकासको लय छैन । नेपाली सापेक्षतामा पनि छैन । धेरै कुराहरू विकासको यो अन्तरविरोधभित्र जेलिएको छ ।

यो खुला विश्व हो । संसारभर पुगेर नेपालीले काम गर्नसक्ने वातावरण बनेको छ । वैदेशिक यात्रा रोकेर रोकिँदैन । सुविधाको खोजीमा बसाइँ सर्दै जाने मनोविज्ञानले पनि काम गरेको छ । अहिले भइरहेको पूर्वाधार चार दशकअघि गाउँमा पुगेको भए गाउँबाट यति धेरै मान्छे बसाइँ जाँदैनथे । किन भने त्यो बेला विदेश जाने चलन नै थिएन । स्वाभाविकरूपमा मान्छे उत्पादन र व्यवसायमा लाग्थ्यो । त्यो जरा उखालेर हिँड्न समय लाग्थ्यो । कतिपय मान्छे आफ्नो खुट्टामा उभिइसकेका हुन्थे । अहिले गाउँमा सडक पूर्वाधारलगायत सेवा सुविधा लैजाँदा बसाइँ सर्नु र विदेश जानुका निम्ति सजिलो जस्तो मात्रै भइरहेको छ । अनियन्त्रित बसाइँसराइ रोक्नुको निम्ति गुणस्तरीय शिक्षा र स्वास्थ्य, रोजगारी सिर्जना, स्थानीय उत्पादनको बजारीकरणका लागि बजार निर्माण गर्ने बाटोमा अघि बढ्यौं भने बसाइँसराइँ रोक्न सक्छौं । अन्यथा यो रोकिने स्थिति देखिँदैन ।

गणतान्त्रिक व्यवस्थाको डेढ दशकको दौरानमा केही व्यक्तिमा व्यवस्थाप्रति भन्दा पनि व्यवस्था सञ्चालन गर्ने व्यक्तिको प्रवृत्तिका कारण सिर्जना भएको वितृष्णाजस्तो लाग्छ । धमिलो पानीमा माछा मार्नेले व्यवस्थामाथि प्रहार गरेर सडकमा विषवमन गरिरहेका छन् । त्यो चाहिँ व्यवस्थाविरुद्ध भन्दा पनि हाम्रो चरित्रमाथि नै प्रश्न उठाएको जस्तो लाग्छ । एउटा हाम्रो चरित्रका कारण त्यो प्रश्न उठ्यो, अर्को खुला विश्वमा विश्वको विकसित देशसँग तुलना गरेर आफ्नो चित्त नबुझेर केही वितृष्णा देखिएको जस्तो लाग्छ ।

अहिलेको एकमात्र अचुक औषधि भनेको दलहरू र दललाई सञ्चालन गर्ने नेताहरू, हामी कार्यकर्ताहरू सुध्रिनुको अर्को विकल्पै छैन । राजनीतिक नेतृत्वमा इमान्दारिताको खडेरी देखिँदा पनि कहीँ न कहीँ प्रश्न उठिरहेको छ । एकैचोटी सबै कुरा सम्बोधन गर्न खोजियो भने त्यो 'पाण्डुरा बक्स' खोलेजस्तो हुनसक्छ । तर संविधान संशोधन गर्दा अग्रगमनको निम्ति राजनीतिक सहमतिद्वारा जनताको गुनासालाई सम्बोधन गर्न सकिन्छ । हामीले हाम्रो चरित्र सुधारेनौं भने संविधान संशोधन गरेरमात्रै हुँदैन । अहिलेकै व्यवस्था पनि त्यति खराब जस्तो मलाई लाग्दैन । यही व्यवस्थामा पनि धेरै सुधार गर्न सकिन्छ । मैले बारम्बार भन्दै आएको छु- संविधान संशोधन होइन, पहिला हाम्रो 'दिमाग' संशोधन गरौं । त्यसपछि मात्रै संविधान संशोधनतर्फ लागौं । जुनै व्यवस्था लिए पनि अन्ततः हाम्रो चरित्र नसुध्रिने हो भने त्यसले तात्त्विक भिन्नता दिँदैन । पहिला हामी सुध्रिनुपर्छ । अग्रगमन र नागरिकलाई अधिकार सम्पन्न बनाउनका निम्ति संविधान संशोधन गर्न सकिन्छ ।

संविधानसभाबाट जारी भएको नेपालको संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई 'ओदान'को तीन खुट्टाझैं मानेको छ । व्यवस्थापिका भनेको बाटो बनाउने, कार्यपालिका भनेको त्यो बाटोमा गाडी कुदाउने र न्यायपालिका भनेको ट्राफिकको काम गर्ने हो । तर विडम्बना हाम्रोमा तीनै अंगले प्रभावकारी काम गर्न सकेका छैनन् । वास्तवमा भन्नुपर्दा म सन्तुष्ट छैन । संसद् ताली बजाउने थलोजस्तो मात्रै भएको छ । जनताले पनि सांसद नीति निर्माण गर्न गएको होइन, उसले विकास गर्नुपर्छ भनेर अपेक्षा राखिदिने, कसरी कानुन बन्छ भन्ने कुरा नबुझिदिने, कानुन निर्माण गर्दा हाम्रो पक्षमा, हाम्रा प्रतिनिधिले वकालत गरोस् भन्नेतर्फ जनताले नबुझिदिने परिबन्धभित्र हामी सांसद छौं । सबैभन्दा बढी पीडा छ भने त्यो सांसदहरूलाई नै छ ।

दलीय स्वार्थ र चिन्तन हाबी छ । जस्तो विद्यालय शिक्षासँग सम्बन्धित ऐन किन फेर्न सक्दैनौं त ? भन्दा हिजो निःशुल्क शिक्षाको कुरा उठाएको हो । तर हामी यसरी बिग्रेर गयौं कि अधिकांश नेता र प्रभावशाली कार्यकर्ताले निजी शिक्षामा लगानी गरेका छन् । त्यसको प्रभाव दलमा परेको छ । देश र जनतालाई केन्द्रमा राखेर त्यसको हितका निम्ति बल गर्नेभन्दा पनि हामीले आज ल्याउने ऐनले हाम्रा नेता र कार्यकर्ताले गरेको लगानी के हुन्छ ? हाम्रो पार्टी र भोट कतातर्फ जान्छ भन्ने चिन्तनले नै आज महत्त्वपूर्ण विधेयक बनाउन सकिरहेका छैनौं । हामीलाई अधिकार दिन गाह्रो लाग्छ, किनभने हामी दिनेभन्दा पनि लिने संस्कृतिबाट ग्रसित छौं ।

आज हामीले मानेको 'आइकन'ले चालेको कदम नै भोलि संस्कृति बन्दोरहेछ । आज हामीले गरेको काम नै भोलिको संस्कृति हो । तर आज हामीले त्यो संस्कृति कसरी निर्माण गर्ने भन्नेतिर त्यति धेरै चिन्ता छैन । आजको दिन कसरी राम्रो हुने, अहिलेको अवस्थामा म कसरी सुरक्षित हुने भन्ने मात्रै होडबाजी छ । मैले आज चालेको कदमले अबको २० वर्षपछि त्यसले के प्रभाव दिन्छ भन्ने हेक्का नराखेजस्तो छ । के हामीले नबुझेरै होला त ? बुझेर पनि हामीले गर्न सकेको छैनौं । त्यो संस्कृति तोड्नका लागि ठूलो आँट र जोखिम मोल्नुपर्ने छ । त्यसो गर्न सकेनौं भने यस्तै रहिरहने छ ।

संविधान निर्माणसँगै दलहरूका बीचमा समीक्षा हुनुपर्थ्यो । अथवा संविधान निर्माणअघि नै हामीले त्यो 'बटमलाइन' बनाउनुपर्थ्यो । हामी त्यहीँदेखि नै चुक्दै आयौं । नेपाली राजनीतिमा पछिल्लो १८ वर्षमा तीनवटा घुम्तीमा हामी चुक्यौं । पहिलो, दलहरू मिलेर मात्रै निरंकुश राजतन्त्रलाई परास्त गरेका हामीले संविधान निर्माणपश्चात् गणतन्त्रलाई जवानी बनाइञ्जेलसम्मका लागि सहकार्यमै आर्थिक विकास गरौं । आर्थिक विकासको एजेण्डा तथा शिक्षा, स्वास्थ्य, रोजगार र भ्रष्टाचार नियन्त्रणमा हाम्रो बटमलाइन यो हो भनेर १० देखि १५ वर्ष सहकार्य गर्छौं भनेर प्रतिबद्धता जनाउनुपर्थ्यो । हामी त्यतातर्फ नगएर सरकार ढाल्ने र बनाउनेतिर मात्रै गयौं ।

दोस्रो, शान्ति प्रक्रियामा हस्ताक्षर गर्ने दुई पक्ष माओवादी र कांग्रेस थियो । अरु नमिले पनि यी दुई पार्टीले देशको आर्थिक विकासको जग १० वर्षमा बनाउने गरी वाचा गर्नुपर्नेथ्यो । त्यहाँ पनि चुकियो ।

तेस्रो, देशका ठूला कम्युनिस्ट पार्टी माओवादी र एमाले एक भयौं । एउटा गतिमा नपुग्दै फुट्यौं । फुट्नु हाम्रो गल्ती भयो । यसबाट राजनीतिक अस्थिरता भयो । अस्थिरताकै कारण असन्तुष्टि बढ्दै गयो । उक्त असन्तुष्टिलाई राजावादीले पकड्न खोज्दै छन् । यतिमै राजवादीले स्थान लिन सक्ने अवस्था देखिँदैन । तर, यस्तो बेलामा अर्को कुनै शक्ति उदाउन सक्छ ।

राजनीतिक दल र नेताले जनताको विश्वास धेरै नै गुमाएका छौं । नेतृत्व क्षमता मात्रै होइन, जनविश्वास पनि हो । जनविश्वास नेतृत्वको आधार हो । त्यो निकै नै क्षय भएर गएको छ । मलाई के लाग्छ भने, अहिलेसम्म हामीले गरेको कमजोरीमाथि सार्वजनिक रूपमा आत्मालोचना गर्ने, अब हामी बाटो बिराउँदैनौं, बिराउन पनि दिन्नौं । आवश्यकता पर्छ भने गणतन्त्रका निम्ति नेतृत्व गरेको पुस्ता अभिभावका रूपमा बस्छौं, आउने नयाँ पुस्तालाई देश हाँक्ने जिम्मा दिन्छौं, उनीहरूलाई बाटो बिराउन पनि दिन्नौं, हामी अभिभावकका रूपमा बस्छौं भने मात्रै जनताले एक 'स्टेप' विश्वास गर्छन् जस्तो लाग्छ । अन्यथा, यही तरिकाले हो भने त अन्योल र असन्तुष्टि चलिरहन्छ ।

शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न यति लामो समय लगाउनु हुँदैनथ्यो । हाम्रो शान्तिप्रक्रियाप्रति विश्वका विभिन्न मुलुकका शक्तिहरूको ध्यानाकर्षण भएको छ । शान्तिप्रक्रियाले एउटा बाटो लिइरहेका बेलामा यसलाई शीघ्र निष्कर्षमा पुऱ्याउँदा मुलुकको हित हुन्छ ।

***(प्रतिनिधिसभा सदस्य, नेकपा माओवादी केन्द्रका नेता एवं पूर्वमन्त्री किरातीसँग राससले गरेको कुराकानीमा आधारित)***

पाठक मञ्च

## जनताप्रति उत्तरदायित्व कसको ?

नेपालमा लोकतन्त्र भने पनि यति धेरै प्रश्न र बिबाद कुनै मुलुकमा व्यवस्थामाथि उठेको छ र ? सारा नेपालीमा वितृष्णा र असन्तुष्टि देखिएको छ नै । यो म एक जनाको असन्तुष्टि र वितृष्णाको विषय नै हैन । म जे छु, सन्तुष्ट छु । मेरो कानुनमा अध्ययन छ । तर मैले नेपालको न्याय प्रणालीमा भएका त्रुटिपूर्ण विषयमा लेख्ने गरेकै छु । पत्रकारिताका विषयमा अध्ययन र व्यवहारमा पनि भिजेको धेरै वर्ष भइसकेको छ ।

मैले राजनीतिमा पनि पाइला बढाएकै छु । भलै जनताले मलाई नरुचाए पनि मैले जनहितमै धेरै काम गरेका प्रमाणहरू मसँग यथेष्ट छन् । म बिकाउ बुद्धिजीवीमा नपरेको हुँदा यस्ता बुद्धिजीवीहरूले धेरै मात्रामा मलाई अनावश्यक दुःख दिएका पनि छन् तर तिनीहरूप्रति मेरो पूर्वाग्रह छैन । यी सब मेरो आत्मरति वा बखान पटक्कै होइन, न म स्वघोषित प्रचारक नै हुँ ।

हाल म बिपीको समाजवादका लक्ष्यलाई मूर्तरूप दिने विज्ञहरूका संस्थाको केन्द्रीय कार्यकारिणी सदस्य छु । विगतमा त्यस संस्थाबाट देशका हर क्षेत्रका विज्ञ राखेर वर्ल्ड ट्रेड सेन्टरमा विभिन्न कार्यक्रम चलाएको पनि हो । आगामी साउन ६ मा बिपी जन्म जयन्तीको सन्दर्भमा र ७ गते पुष्पलालको कार्यक्रम पनि परेकोले साउन ८ गते बिपी कार्यक्रमको आयोजना गरी नेपालमा किन सुशासन हुन सकेन र व्याप्त भ्रष्टाचार किन हुन गयो ? कारण के हो ? र, निवारण के-के छन् ? भन्ने विषयमा बृहत् छलफल र संवाद गरिने तय भइसकेको छ । त्यसमै म सबै कुरा हर क्षेत्रका विज्ञको भेलामा प्रश्नोत्तर गर्ने तयारीमा छु । तसर्थ गुण्डु मेरो जन्मस्थान भए पनि केही राम्रा नराम्रा पक्षमा पहिलोपटक लेखेकोमा बिबाद र वैमनस्य उठाउनेहरूप्रति मेरो कुनै टिप्पणी छैन । तर आमवडाबासीहरूलाई थाहा भएको र भोगेको कुरामा मैले किन खोतलीरहनुपऱ्यो र ?

राष्ट्रिय प्राणी उद्यानको क्षेत्राधिकार के ? तलब खानेले जवाफदेहीता व्योहर्नुपर्छ या पर्दैन ? मैले जवाफ दिइरहनुपर्ने कि उसले ? कर्तव्यबोध कसको ? जनताप्रति उत्तरदायित्व कसको ? प्रदूषण रोक्ने कसले ? वातावरण स्वच्छ बनाउने जिम्मेवारी कसले लिने ? जनताले त निकायलाई सहयोग गर्नेमात्र हो । के भइरहेछ ? के हुनुपर्ने हो ? मैले भन्नुपर्ने ? राजनीतिक एजेण्डा लिएर लड्नेको के मैले वडाका पदाधिकारी पाएको छु र ? खाने पिउने एउटा, चोट पाउने अर्को नीति लिने कतिपय नेताहरूको दोहोरो चरित्रले यो अवस्था आएको हो ।

अब पनि जनताले नबुझ्ने भन्ने कुरै हुँदैन । मन्थलीमा कति विकास भयो हेर्न आए भइहाल्यो । कहाँ छ समानुपातिक विकास ? भन्न पाइने कि नपाइने ? सरकारको कामको आलोचना गर्न पाइन्छ कि पाइन्न ? कि मानहानि हुन्छ कसैको यसले ? तर यहाँ त राजावादीहरूले व्यवस्थै खराब भन्ने नै आवाज उठाइसके उदाहरण छैन र ? कैयन गीत श्लोक बनाएकै छन् । के भन्दै छौं तिमीहरू ? मेरो स्पष्टीकरण सोधाइ तिमीहरूलाई । भ्रष्टाचार भएकोमा भ्रष्टाचार भन्दछन् जनताहरू तर नभएकोमा भयो भनेर आक्षेप लगाउनु ठूलो मूर्खता र बेइमानी हो । हामी ठूला पार्टीका कार्यकर्ता भनाउँदाहरूले जे पनि गर्ने अनि अरुलेचाहिँ ठीक भनिदिनुपर्ने ? वा क्या गज्जब... ।

आवश्यक परेमा र ठाउँमा नै सबै कुरा खुलाउँला । लेख्ने अधिकार हो, यति लेखेकोमा पछुतो छैन । भन्नेले जे भन्दै गरून् । अस्तु ।

***– यज्ञबहादुर कार्की***
*गुण्डु, भक्तपुर*

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**बेहाल भृकुटी कागज कारखाना** | विगत १४ वर्षदेखि पूर्णरूपमा बन्द रहेको नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट भृकुटी कागज कारखानाका भवनहरू भत्किएर भग्नावशेषमा परिणत हुँदै । यस कारखानाको व्यवस्थापनमा सरकारले चासो नदिँदा उद्योगका मेसिनरी उपकरण तथा करोडौँका संरचना खेर गइरहेको छ । *तस्बिरः टेकराज पोखरेल/रासस*

# अपांगता भएका बालबालिकाका लागि समावेशी विद्यालय




**तनहुँ (प्रस)–** जिल्लाको आबुखैरेनी गाउँपालिकास्थित मित्रता समावेशी विद्यालय सञ्चालनमा आएको छ । अपांगता बालबालिकाको शिक्षाका लागि सो विद्यालय सञ्चालनमा ल्याइएको हो ।

'शिक्षा सबैका लागि' भन्ने मूलमन्त्र आत्मसात् गर्दै अपांगता भएका बालबालिका लक्षित विद्यालय आइतबारदेखि सञ्चालनमा ल्याइएको हो । विद्यालयले फरक क्षमता भएका बालबालिकालाई एउटै कक्षा कोठामा समावेशी सिकाइ विधिमार्फत शिक्षा दिन सुरु गरेको विद्यालयका अध्यक्ष केपी अधिकारीले जानकारी दिए ।

विद्यालयमा हाल २५ जना अपांगता भएका विद्यार्थी भर्ना भएका छन् । यसै महिना विद्यार्थी संख्या ४० पुग्ने अनुमान छ । हालको भौतिक संरचनाका कारण सम्पर्कमा आएका सबैलाई भर्ना गर्न नसकिएको भए पनि नयाँ भवन निर्माणसँगै थप बालबालिकालाई समेट्ने तयारी भइरहेको उनले बताए ।

उनले भने, 'यो विद्यालय अपांगता भएका बालबालिकामात्र नभई जटिल र फरक प्रकृतिका विद्यार्थीहरूको लागि पनि सिकाइको साझा थलो हो । यहाँ शिक्षकहरूलाई समावेशी शिक्षा सम्बन्धी विशेष तालिम प्रदान गरिने छ, जसले शिक्षा क्षेत्रमा कार्यरत मानव स्रोतलाई समावेशी शिक्षाको अनुभव र दक्षता प्रदान गर्ने छ ।'

विद्यालयले शिक्षामात्र नभई थेरापी सेवा, मनोपरामर्श सेवा तथा आधारभूत स्वास्थ्य उपचार सेवा समेत प्रदान गर्ने उनको भनाइ छ । विद्यालयले विशेषगरी न्यून आय भएका परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य राखेको छ । उनले भने, 'विद्यालय कुनै निजी पहल नभई सार्वजनिक-सामुदायिक साझेदारीमा आधारित संस्था हो जसले शिक्षालाई हकको रूपमा व्यवहार गर्छ ।'

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले समावेशी विद्यालयलाई थप व्यवस्थित बनाइने उल्लेख गरे । उनले भने, 'मित्रता अपांगता समावेशी विद्यालय हाम्रो पालिकाको शिक्षामा समानता र सहअस्तित्वको स्पष्ट प्रतिविम्ब हो । हामी यसलाई नमूना समावेशी शिक्षाको केन्द्रको रूपमा विस्तार गर्न प्रतिबद्ध छौं ।'

अपांगता भएका बालबालिकालाई अभिभावकसँगै विद्यालयको आवासमा राखी निश्चित समयका लागि अभिभावकलाई जीविकोपार्जन तथा अपांगतामा आधारित सामुदायिक पुनः स्थापनामा जोड दिइने उनको भनाइ छ । आँबुखैरेनी गाउँपालिकाकी शिक्षा शाखा अधिकृत निर्मला कुँवरले समावेशी विद्यालय आँबुखैरेनीको मात्र नभई देशकै अपांगता भएका बालबालिकालाई लक्षित गरी स्थापना गरिएको जानकारी दिइन् ।

# वीरगञ्जमा खानेपानीको हाहाकार

**वीरगञ्ज (पर्सा)–** वीरगञ्जमा खानेपानीको हाहाकार भएको छ । घरघरमा जडान गरिएका चापाकल सुकेसँगै वीरगञ्ज महानगरवासी पानीको समस्यामा परेका हुन् । चापाकल सुकेपछि नेपाल खानेपानी संस्थान शाखा कार्यालयमा नयाँ धारा जडान गर्न अनुरोध गर्न आउनेको संख्या बढेको छ । वडा कार्यालय र महानगरमासमेत खानेपानीको समस्या लिएर पुग्ने सर्वसाधारणको संख्या दैनिक १०० भन्दा बढी छन् ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालयका प्रमुख प्रवीणकुमार साहले जिल्लाभरि नै खानेपानीको अभाव देखिएको जानकारी दिए । 'यहाँका सर्वसाधारण चापाकल सुकेसँगै खानेपानीको लाइन जडान गर्न आउनेको संख्या बढेको छ,' उनले भने ।

वीरगञ्ज महानगर-१३ श्रीपुरका अब्दुल अहमदले खानेपानी अभावका कारण दैनिकी अस्तव्यस्त भएको गुनासो गरे । 'महानगर क्षेत्रमा खानेपानीको चर्को अभाव झेल्दै आइरहेका छौं,' उनले भने, 'विगत तीन वर्षदेखि यहाँ खानेपानीको हाहाकार भइरहेको छ ।'

उनले खानेपानीमन्त्री यही जिल्लाबाट प्रतिनिधित्व गर्ने भए पनि समस्या समाधान गर्न नसकेको दुखेसो पोखे । वीरगञ्ज महानगर-२६ का वडाध्यक्ष शम्भु मिश्र पनि वडामा रहेका ९० प्रतिशतभन्दा बढी चापाकल सुकेको बताउँछन् । 'पानीको अभाव भन्दै सर्वसाधारणले गुनासो धेरै आइसक्यो,' उनले भने, 'वडा कार्यालयकै पहलमा यही वर्ष दुईवटा बोरिङ खनेर पानी वितरण गरेका छौं । तर, पर्याप्त छैन ।'

वडाध्यक्ष मिश्रले वडासँग सीमित स्रोतसाधन भएकाले जनताको आवश्यकताअनुसार 'बोरिङ' खन्न नसकिरहेको गुनासो गरे । वीरगञ्ज महानगरका वन, वातावरण विपद् व्यवस्थापन शाखाका प्रमुख इञ्जिनियर राकेश साहले जमिनमुनिको भूमिगत पानीको सतह घटेसँगै अधिकांश चापाकाल सुक्खायाममा सुक्ने गरेको बताए ।

वीरगञ्ज महानगरका अनुसार अहिले यहाँको वडा नं १, २, ११, १३, १६, २५, २६ लगायतका स्थानमा पानीको अभाव छ । शाखा प्रमुख साहले चालु आर्थिक वर्षमा वीरगञ्ज महानगरले प्रदेश सरकारसँग समन्वय गरेर ७५ स्थानभन्दा धेरै ठाउँमा 'डिप बोरिङ' मार्फत पानी उपलब्ध गराउँदै आएको छ । 'पाँचदेखि छ लाख रूपैयाँ लागतमा करिब ७५ वटाभन्दा धेरै बोरिङ खनेर सर्वसाधारणलाई पानी वितरण गर्दै आइरहेका छौं,' उनले भने, 'वीरगञ्जमा पानीको दीर्घकालीन समाधानका लागि संघीय सरकारले एसियाली विकास बैंकसँगको साझेदारीमा खानेपानी आयोजना अघि बढाउने प्रयास गरिरहेको छ ।' खानेपानी संस्थानले दैनिक करिब एक करोड लिटर खानेपानी वितरण गर्ने गरेको जनाएको छ । तर, संस्थानको ४० प्रतिशत पानी चुहावट हुने गरेको बताइन्छ ।

शाखाका कार्यालय प्रमुख साहले पाइपलाइनको संरचनाको कारणले पनि अपेक्षाकृत ढंगले खानेपानी विस्तार गर्न नसकेको स्वीकार गरे । चालु आवमामात्रै यहाँका करिब ६०० सर्वसाधारणले नयाँ धारा जडानको माग गरेका छन् । ३५० भन्दा धेरै खानेपानीको लाइन जडानको पर्खाइमा छन् । खानेपानी संस्थानका महानगरभित्र १२ हजार ग्राहक छन् । वडा कार्यालयको सिफारिसमा संस्थानले छ हजार ३७० रूपैयाँ लिएर नयाँ धारा जडान गर्दै आएको छ । *रासस*

# कुपोषित बालबालिका खोज्दै टीकापुर नगरपालिका



**टीकापुर (कैलाली)–** बालबालिकामा देखिने शीघ्र कुपोषण अन्त्यका लागि टीकापुरमा बालबालिका खोजी थालिएको छ । टीकापुरमा संघीय सरकार र स्थानीय पालिकाको प्रयासबाट छ महिनादेखि पाँच वर्षमुनिका बालबालिकाको पोषणको लेखाजोखा गरेर पोषण सुधारका कार्य भइरहेका छन् । यसका साथै प्रदेश स्वास्थ्य निर्देशनालयलेसमेत कुपोषण भएका बालबालिकाको खोजीमा सघाइरहेको छ ।

टीकापुर अस्पतालसहित पाँच स्वास्थ्य संस्थामार्फत बालबालिकाको पोषण लेखाजोखा गर्ने, कुपोषित बालबालिकाको उपचारका कार्य भइरहेका छन् । टीकापुरमा अहिले ३० बालबालिका शीघ्र कुपोषण भएका र १२० बालबालिका कुपोषणको जोखिममा रहेका तथ्यांक छ । स्वास्थ्यकर्मी नै समुदायमा तौल र लम्बाइसमेत नापजाँच गरी पोषणको लेखाजोखा गर्न थालेपछि गत वर्षका तुलनामा टीकापुरमा यस वर्ष कुपोषण भएका बालबालिका बढी भेटिएका नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । सरकारले देशैभरि कुपोषणको जोखिममा रहेका बालबालिका खोजीका लागि स्मार्ट सर्भे गरेको छ, जसमा देशैभरि कुपोषित बालबालिकाको संख्या बढी देखिएको छ ।

विगतमा महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा पाखुराको नाप र तौललाई मात्र आधार मानेर गरिने कुपोषण परीक्षण हाल स्वास्थ्यकर्मी स्वयंले उचाइ र तौलका आधारमा मापन थालेपछि कुपोषण भएका बालबालिका बढिरहेका छन् । टीकापुर वनगाउँकी मीना चौधरीको दोस्रो बच्चा १५ महिनाको छ । उनको बच्चालाई कुपोषण भएको छ । १५ महिनामा छ केजीमात्र तौल भएपछि टीकापुर अस्पतालमा उपचारपछि उपचारात्मक तयारी खाना खुवाइरहेकी छन् । एक महिना नियमित खाना खुवाएपछि एक केजी तौल बढेको छ ।

चिकित्सकका अनुसार तीन महिनासम्म नियमित तयारी खाना खुवाउन भनिएको छ । विगतमा राम्ररी बच्चा स्याहार गर्न नसकेकी मीना आजभोलि बच्चाकै स्याहारमा लागिरहेकी छन् । 'गाउँघर क्लिनिकमा बच्चाको वृद्धि अनुगमनका बेला स्वास्थ्यकर्मीले शीघ्र कुपोषण भएको छ भन्नुभयो,' उनी भन्छिन्, 'पहिलो बच्चा स्वस्थ थियो, दोस्रो बच्चा राम्ररी हुर्काउन सकिएन, अहिले तयारी खाना खुवाइरहेकी छु ।'

प्रादेशिक अस्पताल टीकापुरमा शीघ्र कुपोषण भएका छ बच्चाले हाल तयारी खाना खाइरहेका छन् । अस्पतालमा वडावडामा हुने वृद्धि अनुगमन र बहिरंग कक्षमा उपचार सेवा लिन आएका बच्चाबाट पहिचान भएका बच्चाको पोषण सुधारका लागि उपचार र खाना खुवाउने गरिएको अस्पतालका नर्सिङ निरीक्षक निलम रावल बताउँछन् । 'यसरी आउने बच्चामा मध्यम शीघ्र कुपोषण देखिएकालाई ६० प्याकेट बालभिटा दिएर उपचार गर्ने गरिएको, पोषणको महत्त्वबारे आमा र परिवारका सदस्यलाई सचेत गराउने गरेका छौं,' रावल भन्छन्, 'शीघ्र कुपोषण भएकालाई उपचारात्मक तयारी खाना दिन्छौं ।'

यसका साथै यसरी कुपोषण भएका बच्चाको उपचार पालिकाका वडास्तरमा रहेका स्वास्थ्य चौकी र सहरी स्वास्थ्य केन्द्रमा पनि हुने गरेको छ । वडास्तरमा रहेका स्वास्थ्य संस्थामा पोषण सुधारका लागि थुप्रै प्रयास भइरहेका छन् । स्वास्थ्य संस्थामै पोषण कर्नर राखेर जानकारी दिने लगायतका कार्य गर्ने गरिएको धनसिहपुर स्वास्थ्य चौकीकी पोषण फोकल पर्सन तथा अनमी पुनम साउद बताउँछिन् । 'हामीले गर्भावस्थादेखि नै पोषणबारे जानकारी दिन्छौं, गर्भमै हुँदा आमा र बच्चा स्वस्थ हुनुपर्छ,' उनले भनिन्, 'स्वस्थ्य जन्मिएको बच्चा सही तरिकाले स्याहार गरेमा कुपोषण हुनबाट जोगाउन सकिन्छ ।'

टीकापुर नगरपालिकाले पोषण सुधारका लागि थुप्रै प्रयास गरेको छ । विगतमा टीकापुर अस्पतालमा मात्र रहेको पोषण प्रवर्द्धन बहिर्गमन उपचार केन्द्र हाल वडास्तरमा रहेका स्वास्थ्य चौकी र सहरी स्वास्थ्य केन्द्रमासमेत विस्तार गरिएको छ । हाल टीकापुर अस्पतालसहित नारायणपुर, धनसिंहपुर स्वास्थ्यचौकी, विजयनगर, अस्नेहरी सहरी स्वास्थ्य केन्द्रमासमेत उपचार केन्द्र स्थापना गरी बालबालिकाको पोषण सुधारका प्रयास भइरहेका छन् ।

टीकापुर नगरपालिकाका सिनियर अहेव अधिकृत तथा पोषण फोकल पर्सन कमलबहादुर रावल स्वास्थ्यकर्मी नै कुपोषित बालबालिका खोज्न खटेपछि अहिले बालबालिका बढेको बताउँछन् । 'बालबालिकामा देखिने शीघ्र कुपोषण न्यूनीकरणमा जनचेतना फैलाउन स्वास्थ्य संस्थामा पोषण कर्नर, गाउँघर क्लिनिक तथा खोप कार्यक्रममा पोषणबारे जानकारी दिने, गर्भावस्थादेखि नै पोषण सुधारका कार्य गर्दै आएका छौं,' उनले भने, 'साम र माम देखिएका बच्चा खोजीका लागि स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्य शिविर, सर्वेक्षण, घरदैलोजस्ता कार्यमा खटाएका छौं ।' *रासस*

# निकुञ्जको अतिक्रमित क्षेत्रमा सेनाको पोस्ट स्थापना

**दोधारा चाँदनी (प्रस)–** नेपाली सेनाले कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अतिक्रमित क्षेत्रमा सुरक्षा पोस्ट सुरक्षा स्थापना गरेको छ ।

भारततर्फका स्थानीयले अतिक्रमण गरेर खेती गरिरहेको निकुञ्जको क्षेत्रमा राष्ट्रिय निकुञ्ज कार्यालय र सेनाको संयुक्त सुरक्षा पोस्ट स्थापना गरेको निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम वाग्लेले जानकारी दिए । उनका अनुसार नेपाल-भारत सीमास्तम्भ २७ र २८ को बीचमा गत जेठको पहिलो साता पोस्ट स्थापना गरिएको हो । 'अतिक्रमित क्षेत्रमा नयाँ सुरक्षा पोस्ट स्थापना गरेर निकुञ्ज कार्यालय र सेनाको टोली त्यहाँ बस्न सुरु गरेको छ,' उनले भने, 'उक्त पोस्टबाट हाल सुरक्षा गस्ती भइरहेको छ ।' उनले उक्त क्षेत्रमा डुबान हुने भएकाले बर्सातको समयमा समस्या हुनसक्ने बताए ।


**जापानमा रोजगार** कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326857 | चलानी नं. ६०२४०८९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT | 2 | 0 | 169000 | १५७५०६ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 326945 | चलानी नं. ६०२४०८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 177746 | १६५६५८ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३२ गते (16 July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI
1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



**कतारमा रोजगार** कम्पनी : ALSADAQAT LILAEMAL ALMUTAUAMILA

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 315010 | चलानी नं. ६०२२९३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५६,३५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gen Clean Worker | 4 | 5 | 1000 | ३७,५७० | | | | | | | |
| 3 | Ground Steward | 1 | 0 | 1400 | ५२,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार ३२ गते (16 Jul. 2025) सम्म हुनेछ ।

कम्पनी : QATAR CLEANING COMPANY W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२४ | LT. No. 320168 | चलानी नं.६०२३४३०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICE AGENT | 7 | 0 | 1000 | ३७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः बाजेको सेकुवा, पोखरा-८ मा मितिः २०८२ असार ३१ गते (15 Jul. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 01590844/015906944

### चलचित्र 'मोहर'को 'झुम झुम झुम्किका' गीत सार्वजनिक

आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'मोहर'को दोस्रो गीत 'झुम झुम झुम्किका' सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक गीतमा एसडी योगी र विज्ञानी पराजुलीको स्वर, हर्क साउदको शब्द, एसडी योगीको संगीत छ । गीतको भिडियोमा फिल्मका मुख्य कलाकार पल शाह र बेनिशा हमाललाई फिचरिङ गरिएको छ । फिल्म मेकर्स प्रा.लिको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता चुम्बन जंग शाही हुन् ।



# थापाको अध्यक्षतामा राष्ट्रिय स्रस्टा तथा प्रस्तोता प्रतिष्ठानको नयाँ कार्यसमिति



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्रस्टा तथा प्रस्तोता प्रतिष्ठानको दोस्रो बार्षिक साधारणसभाले १५ सदस्यीय नया कार्यसमिति चयन गरेकोछ । राजेन्द्र बजगाईको अध्यक्षता एवं बिशिष्ट गीतकार राजेन्द्र थापाको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभाबाट नारायण थापा अध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै दिपक शर्मा बरिष्ठ उपाध्यक्ष, सुजाता के सी उपाध्यक्ष, सनम कठायत महासचिव, रिता के सी सचिव, बेनिश पौडेल महिला सचिव, प्रतिक्षा काफ्ले कोषाध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै मनोज परियार, बिरेन्द्र सिंह भाट, कोपिला शिवाकोटी, पुजा ठकुरी, गिता पाण्डे, सुभाष तिमसिना, प्रमोद डि जी र प्रज्वल राज भट्ट सदस्यमा निर्वाचित भएका छन् ।

१७ सदस्यीय कार्यसमितिमा बाँकि २ सदस्य भने नयाँ कार्यसमितिले चयन गर्नेछ । संस्थाका संस्थापक सल्लाहकारहरू राजु सिंह, डा. टिका भन्डारी, माधवराज खरेल, डा.ओम कृष्ण प्रसाई बि बी थापा राजेन्द्र लुईंटेललगायतका विशिष्ट ब्यक्तित्वहरूको उपस्थिति रहेको कार्यक्रममा चर्चित कलाकारद्वय राज टाईगरलाई मानार्थ सदस्य र गोपाल ढकाल (छन्दे)लाई संस्थाको आजिवन सदस्यता प्रदान गरिएको थियो ।

साधारणसभामा भगवती पाण्डे प्रमुख निर्वाचन अधिकृत तथा दिपक राई र हेमलता जि सी निर्वाचन अधिकृत रहेका थिए ।

नवनिर्वाचित अध्यक्ष थापाले गीत संगीतको बिक्रिति बिसंगति नियन्त्रण, पछिल्लो समय कलाकर्मीहरूमा बढेको नैराश्यतालाई सम्बोधन गर्न मनोपरामर्शदातासँग कार्यशाला तथा स्रस्टाहरूको स्वास्थ्य विमा लगायतका सामाजिक कार्यहरूमा संस्थाले ठोस पहल थाल्ने प्रतिबद्धता व्यक्त गरे ।

# 'एक्टिङ स्टार' अब निर्णायक मोडमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** रियालिटी शो 'एक्टिङ स्टार' ले विजेता तथा उपविजेताहरूलाई प्रदान गरिने पुरस्कारको घोषणा गरेको छ । ३५ लाख नगदसहित फिल्म क्षेत्रमा काम गर्ने अवसर यस प्रतियोगिताको मुख्य आकर्षण बनेको हो । शोको विजेताले नगद २० लाख रूपैयाँ र नेपाली चलचित्रमा अभिनय गर्ने अवसर प्राप्त गर्नेछन्। त्यस्तै, फस्ट रनरअपले १० लाख र सेकेन्ड रनरअपले ५ लाख नगद पुरस्कार जित्नेछन् ।

नेपालका हिमाली, पहाडी, तराई क्षेत्रहरूदेखि भारतका सिक्किम, दार्जिलिङ, पश्चिम बंगाल, मुम्बई र दुबईसम्मबाट हजार भन्दा बढि प्रतिस्पर्धी अडिसनमा सहभागी भएका थिए । तीमध्ये उत्कृष्ट प्रदर्शनमार्फत छनौट हुँदै हाल २० जना प्रतिस्पर्धी फाइनल चरणमा पुगेका छन् ।

जजहरू नीर शाह, अनुप बराल र ऋचा शर्माको निर्णयबाट टप २० चयन गरिएको हो भने अब उत्कृष्ट १५ को छनौट दर्शकको भोटिङमार्फत हुनेछ । नेपालभित्र भोट गर्न चाहने दर्शकले ओएसआर कनेक्ट एप डाउनलोड गरी एक्टिङ स्टार मा क्लिक गरेर मनपर्ने प्रतिस्पर्धीलाई भोट गर्न सक्छन् । नेपालबाहिर रहेका दर्शकका लागि भने सिनेमाघर एप मार्फत भोटिङ प्रक्रिया उपलब्ध छ ।

शोको आयोजना महक मिडिया नेटवर्क ले गरेको हो। अब पहिलो 'एक्टिङ स्टार' को उपाधि कसले जित्छ भन्ने कुरा दर्शकको हातमा छ ।

# ५१औं दिनमा सकियो 'कोशेढुंगा' छायांकन

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरोज पौडेल निर्देशित फिल्म 'कोशेढुंगा'को छायांकन सकिएको छ । फिल्मको छायांकन सोमबारबाट सकिएको हो ।

नियमित ५१ औं दिनको छायांकनपछि फिल्म सकिएको निर्देशन पौडेलले जानकारी दिए । पौडेलले यसअघि हिट फिल्म 'पूर्ण बहादुरको सारङ्गी' निर्देशन गरेका थिए ।

फिल्मको छायांकन ललितपुरको च्यासल, मकवानपुरको चितलाङ्ग, मार्खुलगायत क्षेत्रमा गरिएको छ । फिल्मको रिलिज मिति १२ भदौ घोषणा गरिएको छ । फिल्म नेपालसहित ४० भन्दा धेरै देशमा एकसाथ रिलिज हुनेछ । 'कोशेढुंगा'लाई प्याट्रिक सुवेदी र रमेश ढकालको सेभेन सिज इन्टरनेसनलले अन्तर्राष्ट्रिय बजारमा वितरण गर्दैछ ।

नरदेवी फिल्म्सको प्रस्तुति रहेको फिल्म 'कोशेढुंगा'मा अभिनेत्री सुरक्षा पन्त, आर्यन सिग्देल, ऋचा शर्मा, मन्जिल कुमार, नीति शाह, प्रवीण खतिवडा, हिउवाला गौतम, सरोज खनाल, विशाल पहाडी, दिनेश काफ्ले, लोकमणि सापकोटालगायतको अभिनय छ ।

प्रेविल कँडेल र किशोर अनुराग निर्माता रहेको फिल्मको कार्यकारी निर्माता दिनेश खड्का हुन् ।

## रंगशाला

### एन्फा यू-१६ लिग

# मच्छिन्द्रको दोस्रो जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई खेलाडी चम्कँदा मच्छिन्द्र क्लबले जारी एन्फा यु-१६ युथ लिगमा मंगलबार शानदार जितसँगै दोस्रो सफलता आत्मसात गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मच्छिन्द्रले आफ्नो दोस्रो खेलमा प्लानिङ ब्वाइज युनाइटेडमाथि ७-० को रवाफिलो जित निकाल्यो । दिनको पहिलो खेलमा जावलाखेल युथ क्लबले त्रिभुवन आर्मी क्लबमाथि ३-२ कठिन जित निकाल्यो ।

जावलाखेलको जितमा विशाल शाहीले दुई तथा प्रिन्स भुजेलले एक गोल गरे । आर्मीका नीरज अधिकारी र सोहित वाइबाले समान एक गोल गरे ।

मच्छिन्द्रलाई लगातार दोस्रो जित दिलाउन किरण धामी र सुमन बम ठकुरीले समान दुई गोल गरे । विकास थापा, राहुलकुमार योञ्जन र आर्यवीर सिंहले समान एक गोल थपे । योसँगै मच्छिन्द्रले लगातार दोस्रो खेलमा जित निकाल्दा प्लानिङले भने पहिलो हार सामना गर्‍यो ।

पहिलो खेलमा मच्छिन्द्रले एपिएफ र प्लानिङ ब्वाइजले सातदोबाटो युथ क्लबलाई हराएको थियो । समान दुई खेलबाट मच्छिन्द्रले ६ अंक र प्लानिङ ब्वाइजले तीन अंक जोडेको छ । मच्छिन्द्रले पहिलो हाफमा ६ गोल गर्दै खेलमा पूर्ण नियन्त्रण राखेको हो तर दोस्रो हाफमा भने प्लानिङ समालियो र एक गोल मात्र सामना गर्‍यो ।

त्यसअघि खेलको छैटौं मिनेटमा किरणको गोलबाट मच्छिन्द्रले अग्रता लिएको थियो । ६ मिनेटपछि किरणले नै टोलीको अग्रता दोब्बर बनाए । सुमनले १९औं मिनेटमा टोलीका लागि तेस्रो गोल गरे । दुई मिनेटपछि नै विकासले गोल गर्दा मच्छिन्द्रको अग्रता ४-० मा पुग्यो । सुमनले २४औं मिनेटमा व्यक्तिगत दोस्रो गरे ।

३३औं मिनेटमा राहुलले टोलीको छैटौं गोल गरे । योसँगै मच्छिन्द्रले पहिलो हाफमै ६-० को अग्रता लियो । दोस्रो हाफमा भने प्लानिङले आफ्नो रक्षापंक्तिमा सुधार गर्‍यो । मच्छिन्द्रले अर्को गोल गर्न धेरै समय लगायो । उसले सातौं गोलका लागि भने खेलको अन्त्यसम्म कुर्नुपर्‍यो ।

इन्जुरी समयमा आर्यवीरले गोल गरेपछि मच्छिन्द्रले प्लानिङमाथि ७-० को जित निकाल्यो । दिनको पहिलो खेलमा आर्मी र जावलाखेलले पहिलो हाफमा बराबरी गर्ने अनुमान गरिएको थियो । तर थप समयमा विशाल शाहीले गोल गर्दै अग्रता दिलाए । दोस्रो हाफमा भने दुवै तर्फबाट समान दुई गोल भयो । ६७औं प्रिन्स भुजेलले गोल गर्दै जावलाखेलको अग्रता बढाए ।

तर आर्मीले दुई गोल फर्काउँदै खेलमा फर्किने संकेत गर्‍यो । तीन मिनेटको अन्तरमा आर्मीले दुई गोल गरेको हो । ७० औं मिनेटमा नीरज अधिकारी र ७३औं मिनेटमा सोहित वाइबाले गोल गर्दै आर्मीलाई २-२ को बराबरीमा ल्याए । तर ८१औं मिनेटमा विशालले व्यक्तिगत दोस्रो गोल गर्दै आर्मीको लक्ष्य पूरा हुन दिएनन् ।

त्यसपछि दुवैतर्फबाट थप गोल हुन सकेन र जावलाखेलमाथि ३-२ को जित निकालेको थियो । समान दुई खेलमा आर्मी र जावलाखेको समान एक जित र हार छ । पहिलो खेलमा आर्मी हिमालयन शेर्पालाई ३-१ ले हराउँदा जावलाखेलले भने संकटासँग ७-० को हार बेहोरेको थियो ।

# अस्ट्रेलियन टप एन्ड टी-२० सिरिजको खेल तालिका सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियामा आयोजना हुने अस्ट्रेलियन टप एन्ड टी-२० सिरिजको खेल तालिका सार्वजनिक भएको छ ।

अस्ट्रेलियाको उत्तरी क्रिकेट संघ (एनटी)ले मंगलबार सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाली राष्ट्रिय क्रिकेट टोलीले आफ्नो उद्घाटन खेल आगामी अगस्त १५ तारिखमा अस्ट्रेलियाको स्थानीय टिम नर्दन टेरिटोरी स्ट्राइकसँग खेल्ने भएको हो ।

यस सिरिजमा विभिन्न ११ टोलीको सहभागिता रहेको छ । सिरिजमा सहभागी रहने अन्तरराष्ट्रिय टोलीमा नेपालको राष्ट्रिय टोली, पाकिस्तान 'ए', बङ्गलादेश 'ए' र अमेरिकाको माइनर लिग विजेता सिकागो किंग्सम्यान छन् ।

त्यसैगरी, सिरिजमा अस्ट्रेलियाका बिगबास लिग (बिबिएल) को हर्बट हरिकेन्स, पर्थ स्कोर्चर्स, एडिलेट स्ट्राइकर, मेलवर्न स्टार तथा मेलवर्न रेनेगड्सका टोलीका एकेडेमी टोलीलगायतको सहभागिता रहनेछ ।

नेपालले समूह चरणमा ६ खेल खेल्नेछ । लिग चरणको शीर्ष चार रहने टोलीका बीचमा सेमिफाइनल भिडन्त हुनेछ ।

त्यसैगरी, नेपालले आफ्नो दोस्रो खेल अगस्त १६ मा बङ्गलादेशको 'ए' टोली विरुद्ध खेल्नेछ । नेपालले तेस्रो खेल अगस्त १८ तारिखमा मेलबर्न स्टार्सविरुद्ध खेल्ने छ भने चौथो खेल अगस्त १९ तारिखमा होबार्ट हुरिकेन्सविरुद्ध खेल्नेछ ।

त्यसैगरी, पाँचौं खेल अगस्त २० तारिखमा मेलबर्न रेनेगेड्सविरुद्ध खेल्ने छ भने अन्तिम लिग खेल अगस्त २२ तारिखमा पाकिस्तान शाहिन्सविरुद्ध खेल्नेछ । नेपालले यो प्रतियोगिता आउँदो अक्टोबरमा हुने आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको तयारीस्वरूप खेल्न लागेको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ ।

# शिभालीले युरोपमा चार प्रतियोगिता खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली टेनिस खेलाडी शिभाली गुरुङले युरोपका विभिन्न स्थानमा ग्राण्ड स्लाम प्लेयर डेभलोप्मेन्ट प्रोग्राम/आईटीएफ/एटीएफ यु-१४ टिम टु युरोपअन्तर्गत ४ प्रतियोगिता खेल्ने भएकी छन् ।

शिभालीले फ्रान्समा २ तथा जर्मनी र बेल्जियममा समान १-१ प्रतियोगिता खेल्ने छन् ।

प्रतियोगिता खेल्नुअघि शिभाली जुलाइ ११ देखि १३ तारिखसम्म फ्रान्सको पेरिसमा ट्रेनिङ क्याम्पमा सहभागी हुने छिन् । त्यसपछि शिभालीले जुलाइ १४ देखि २० तारिखसम्म पेरिसमा हुने ओपन स्टेड फ्रेडक्यासमा प्रतिस्पर्धा गर्ने छन् ।

जुलाइ २१ देखि २७ तारिखसम्म फ्रान्सकै एन्सीमा हुने टेनिस युरोपमा सहभागी हुने छिन् । जुलाइ २८ देखि अगष्ट ३ तारिखसम्म जर्मनीको डुरेनमा हुने इन्टरनेसनल डुउत्से टेनिस मिस्टरचाफ्टेनमा नेपालको प्रतिनिधित्व गर्ने छन् ।

अगष्ट ४ देखि १० तारिखसम्म बेल्जियममा हुने यङ च्याम्पियनसिप कपमा सहभागी हुने छन्। शिभाली बुधबार फ्रान्स प्रस्थान गर्दै छन् ।

उक्त प्रतियोगिताका लागि नेपालबाट छनोट हुने शिभाली एक्लो खेलाडी हुन् । एसियामा चौथो वरीयता प्राप्त गरेपछि शिभाली छनोट भएको नेपाल टेनिस संघले जनाएको छ । एसियाबाट समान ६-६ पुरुष/महिला गरी १२ खेलाडी मात्र प्रतियोगिताका छनोट भएका थिए ।



पूर्वी चीनको जियाङ्सी प्रान्तस्थित नाञ्चाङ सहरमा रहेको तेङ्वाङ मण्डपको रमणीय क्षेत्रको अवलोकन आएका पर्यटक सेल्फी लिँदै । *तस्बिरः सिन्ह्वा*

# नयाँ भन्सार शुल्कको समयसीमामा ट्रम्प लचिलो

## ट्रम्प भन्छन्- म दृढ भन्छु, तर सतप्रतिशत दृढ होइन

**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार एक दर्जनभन्दा बढी देशलाई उच्च भन्सार शुल्क लगाउने धम्की दिएर आफ्नो व्यापार युद्धलाई पुनःस्थापित गरेका छन् । यद्यपि त्यसपछि उनले सम्झौतामा पुग्नका लागि आफ्नो नयाँ अगस्टको समयसीमा लचिलो हुनसक्ने बताएका छन् ।



अमेरिकाका प्रमुख सहयोगीहरू जापान र दक्षिण कोरियासहितका व्यापारिक साझेदारहरूलाई पत्र पठाउँदै ट्रम्पले अप्रिलमा निलम्बन गरेको भन्सार शुल्क तीन हप्तामा अझ तीव्ररूपमा फिर्ता हुने घोषणा गरेका थिए ।

टोकियो र सियोललाई उनीहरूका सामानमा २५ प्रतिशत कर लगाउने उनले लेखेका छन् । इण्डोनेसिया, बंगलादेश, थाइल्याण्ड, दक्षिण अफ्रिका र मलेसियालगायतका देशहरूलाई २५ प्रतिशतदेखि ४० प्रतिशतसम्मका भन्सार शुल्क लगाइएको छ । तर आफ्नो करहरूद्वारा पहिले नै अस्थिर वैश्विक अर्थतन्त्रमा नयाँ अनिश्चितता निम्त्याउने कदममा ७९ वर्षीय ट्रम्पले एकपटक फेरि देशहरूलाई सम्झौता गर्न ठाउँ छाडेका छन् ।

'म दृढ भन्छु, तर सतप्रतिशत दृढ होइन,' अगस्ट १ को समयसीमा दृढ छ कि छैन भनेर सोध्दा इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुसँगको रात्रिभोजमा ट्रम्पले पत्रकारहरूलाई भने । पत्रहरू उनको अन्तिम प्रस्ताव हो कि होइन भनेर सोधिएको प्रश्नमा ट्रम्पले जवाफ दिए, 'म अन्तिम भन्छु- तर यदि तिनीहरूले फरक प्रस्तावका साथ फोन गरे र मलाई यो मनपर्‍यो भने, हामी यो गर्नेछौं ।'

अमेरिकी राष्ट्रपतिले अप्रिल २ मा 'मुक्ति दिवस' भन्दै सबै देशमा आधारभूत १० प्रतिशत भन्सार शुल्कसहित आयातमा व्यापक भन्सार शुल्क घोषणा गरेका थिए । तर बजारमा उथलपुथल भएपछि उनले तुरुन्तै १० प्रतिशतभन्दा माथिका सबै भन्सार शुल्क ९० दिनका लागि निलम्बन गरे । ती पत्र बुधबार पुनः लागू हुने तय थियो र ट्रम्पले त्यो समयसीमाअघि नै पत्रहरू पठाए ।

जापानी र दक्षिण कोरियाली नेताहरूलाई ट्रम्पको लगभग समान शब्दको पत्रले वासिङ्टनसँगको उनीहरूको व्यापारिक सम्बन्ध 'दुर्भाग्यवश, पारस्परिकबाट टाढा' भएकाले उनले २५ प्रतिशत भन्सार शुल्क लगाउने बताएका छन् । उनले भन्सार शुल्कहरूको विरुद्धमा प्रतिशोध भएमा थप वृद्धिको चेतावनी दिए । तर सोमबार ट्रम्पले बुधबारको समयसीमा अगस्ट १ सम्मका लागि औपचारिकरूपमा विस्तार गर्ने आदेशमा हस्ताक्षर पनि गरे ।

### राष्ट्रपतिको विशेषाधिकार

नयाँ अगस्ट मितिले प्रभावकारीरूपमा थप ढिलाइलाई अंकित गर्दछ र ट्रम्पको पछिल्लो टिप्पणीहरूले समयसीमा वास्तवमा कहिले हुन्छ भन्ने अनिश्चिततालाई अझ बढाउने खतरा छ । ट्रम्पको ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गरिएका पत्रअनुसार इण्डोनेसियाका उत्पादनहरूमा ३२ प्रतिशत, बंगलादेशमा ३५ प्रतिशत र थाइल्याण्डमा ३६ प्रतिशत भन्सार शुल्क लाग्ने छ ।

अहिलेसम्म पत्र प्राप्त गर्ने अधिकांश देशमा अप्रिलमा खतरामा परेका भन्सार शुल्कहरू जस्तै वा अपरिवर्तित भन्सार शुल्कहरू थिए । यद्यपि लाओस र कम्बोडियाजस्ता केही देशले उल्लेखनीयरूपमा कम स्तरहरू देखे । ट्रम्प प्रशासन '९० दिनमा ९० सम्झौता' गर्ने वाचा गरेपछि परिणाम देखाउने दबाबमा छ ।

अहिलेसम्म बेलायत र भियतनामसँग दुईवटा मात्र दृढ सम्झौता भएका छन् । साथै चीनसँग सुपर-हाई टिट-फर-टचाट भन्सार शुल्क फिर्ता गर्ने सम्झौता भएको छ । जापानका प्रधानमन्त्री शिगेरू इशिबाले सोमबार मन्त्रिपरिषद् बैठकमा २५ प्रतिशत भन्सार महसुलको घोषणा 'साँच्चै खेदजनक' भएको बताए ।

यसैबीच दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार वाइ सुङ-ल्याकले वासिङ्टनमा आफ्ना अमेरिकी समकक्षी मार्को रुबियोसँग भेट गरी 'मुख्य विचाराधीन मुद्दाहरूमा पारस्परिकरूपमा फाइदाजनक परिणामहरू' प्राप्त गर्न द्विपक्षीय शिखर सम्मेलन चाँडै हुनसक्ने आशा व्यक्त गरे ।

ट्रम्पले जापान र दक्षिण कोरियासँग सुरु गर्न किन रोजे भनेर सोधिएको प्रश्नमा ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले भने, 'यो राष्ट्रपतिको विशेषाधिकार हो, र ती देशहरू उनले रोज्नुभएको छ ।'

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका उपाध्यक्ष वेण्डी कटलरले टोकियो र सियोललाई ट्रम्पले लेखेको प्रारम्भिक पत्रलाई उद्धृत गर्दै यो घोषणाले 'अरूलाई डरलाग्दो सन्देश पठाउने' बताए । 'दुवै आर्थिक सुरक्षा मामिलामा घनिष्ठ साझेदार रहिआएका छन्,' जापान र दक्षिण कोरियाका कम्पनीहरूले 'हालैका वर्षहरूमा अमेरिकामा महत्त्वपूर्ण निर्माण लगानी' गरेको उल्लेख गर्दै उनले भने ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेण्टले सोमबार थप सम्झौताहरू आउने उल्लेख गर्दै भने, 'हामीले अर्को ४८ घण्टामा धेरै घोषणाहरू गर्नेछौं ।' ट्रम्पको ताजा धम्कीका कारण प्रमुख अमेरिकी स्टक सूचकांकहरू सोमबार रेकर्डबाट तल झरेका छन् । नास्डाक ०.९ प्रतिशत र एस एण्ड पी ५०० शून्य दशमलव आठ प्रतिशतले घटेको छ ।

ट्रम्पले उदीयमान ब्रिक्स राष्ट्रहरूसँग आफूलाई मिलाउने देशहरूमा थप १० प्रतिशत कर लगाउने धम्की दिएका छन् । उनीहरूले शिखर सम्मेलनमा ट्रम्पको कर्तव्यको आलोचना गरेपछि उनले 'अमेरिकी विरोधी नीतिहरू' को आरोप लगाएका छन् । तर साझेदारहरू अझै पनि ट्रम्पको भन्सार शुल्कलाई पूर्णरूपमा रोक्न हतारिरहेका छन् ।

युरोपेली संघ (इयू) प्रमुख उर्सुला भोन डेर लेयेनले आइतबार कुरा गर्दा व्यापारमा ट्रम्पसँग 'राम्रो आदानप्रदान' भएको युरोपेली आयोगले बताएकी छन् । *रासस/एएफपी*

# चीनसँग व्यापार 'पुनः सन्तुलन' खोज्दै इयू

### आसन्न बेइजिङ शिखर सम्मेलनमा युरोपेली कम्पनीहरूका लागि बजार पहुँच सजिलो बनाउन र दुर्लभ खनिज तत्वहरूमा निर्यात नियन्त्रणहरु कम गर्न माग गरिने

**स्ट्रासबर्ग (फ्रान्स)-** युरोपेली संघ (इयू) यस महिनाको शिखर सम्मेलनमा युरोपेली कम्पनीहरूका लागि बजार पहुँच सजिलो बनाउन र दुर्लभ खनिज तत्वहरूमा निर्यात नियन्त्रणहरू कम गर्न माग गर्दै चीनसँगको आर्थिक सम्बन्धलाई पुनः सन्तुलन गर्न खोजेको इयूका उर्सुला भोन डेर लेयनले मंगलबार बताएकी छन् ।



उनले युक्रेनमा रुसको युद्ध प्रयासलाई अति क्षमताको चिन्ता र चीनको समर्थन पनि चिनियाँ नेता सी चिनफिङसँगको वार्तामा उठाइने बताइन् । स्ट्रासबर्गमा युरोपेली संसद्लाई सम्बोधन गर्दै भोन डेर लेयनले बेइजिङले 'मानव जातिको इतिहासमा सबैभन्दा ठूलो व्यापार अधिशेष' इयूमा विशाल मात्रामा निर्यात गरिरहेको र युरोपेली कम्पनीहरूलाई चीनमा व्यापार गर्न गाह्रो बनाएको बताइन् ।

'यदि हाम्रो साझेदारी अगाडि बढ्ने हो भने, हामीलाई वास्तविक पुनर्सन्तुलन, कम बजार विकृति, चीनबाट निर्यात गरिएको कम अधिक क्षमता र युरोपेली व्यापारका लागि निष्पक्ष, पारस्परिक पहुँच चाहिन्छ,' उनले सांसदहरूलाई भनिन् ।

बेइजिङले महाशक्ति प्रतिद्वन्द्वी संयुक्त राज्य अमेरिकाको प्रतिकारका रूपमा इयूसँग सम्बन्ध सुधार गर्न खोजेको छ, तर तिनीहरूको आर्थिक सम्बन्धमा गहिरो मतभेद रहेको छ । सन् २०२४ मा चीन र इयूबीचको व्यापार घाटा तीन खर्ब ५७ अर्ब डलर थियो । ठूलो राज्य अनुदानद्वारा सञ्चालित उत्पादनको प्रचुरताले यसलाई थप्न सक्छ र परिणामस्वरूप सस्तो चिनियाँ सामानहरूको बाढीले युरोपेली कम्पनीहरूलाई कमजोर पार्छ भन्ने ब्रसेल्सलाई चिन्ता छ ।

'चीन आफ्ना घरेलु आर्थिक चुनौतीहरूको समाधान गर्न निर्यातमा भर पर्न सक्दैन । अति क्षमतालाई यसको स्रोतमा सम्बोधन गर्नुपर्दछ, यसलाई विश्वव्यापी बजारमा उतार्न सकिँदैन,' भोन डेर लेयनले भनिन् ।

युरोपेली परिषद्का अध्यक्ष एण्टोनियो कोस्टासँग बेइजिङ जाने भोन डेर लेयनले उनीहरूले दुर्लभ खनिज तत्वमाथिको निर्यात प्रतिबन्धलाई खुकुलो पार्न खोज्ने बताइन् । यद्यपि ब्रसेल्सले 'वैकल्पिक आपूर्ति स्रोतहरूको विकास' पनि गरिरहेको छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार दुर्लभ खनिज तत्व उत्पादनको लगभग दुईतिहाइ र विश्वव्यापी परिस्कृत उत्पादनको ९२ प्रतिशत चीनले ओगटेका कारण प्रतिबन्धले विश्वव्यापी व्यवसायहरूमा चिन्ता पैदा गरेको छ । रुससँग चीनको नजिकको सम्बन्ध पनि मतभेदको कारण भएको छ ।

'चीनले वास्तवमा रुसको युद्ध अर्थतन्त्रलाई सक्षम बनाइरहेको छ र हामी यसलाई स्वीकार गर्न सक्दैनौं,' भोन डेर लेयनले भनिन्, 'चीनले पुटिनको युद्धसँग कसरी अन्तरक्रिया गर्न जारी राख्छ, यो इयू-चीन सम्बन्धलाई अगाडि बढाउनका लागि निर्णायक कारक हुने छ ।'

चीन र इयूबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वार्षिकोत्सवको अवसरमा जुलाई २४-२५ मा शिखर सम्मेलन हुने भएको छ । *रासस/एएफपी*

# टेक्सासमा बाढीका कारण ज्यान गुमाउनेको संख्या १०० नाघ्यो, उद्धार कार्य जारी



**हण्ट (अमेरिका)-** टेक्सासमा विनासकारी बाढीबाट मर्नेहरूको संख्या सोमबार १०० भन्दा बढी पुगेको छ । उद्धारकर्ताहरूले पानीको धारले बगाएका मानिसहरूको खोजी जारी राखेका छन् ।

मृतकमध्ये कम्तीमा २७ जना बालबालिका र सल्लाहकारहरू थिए । उनीहरू जुलाईको चौथो बिदाको सप्ताहन्तमा प्रकोप हुँदा नदीको किनारमा रहेको युवा ग्रीष्मकालीन शिविरमा बसिरहेका थिए ।

पूर्वानुमानकर्ताहरूले जलमग्न जमिनमा वर्षा हुँदा थप बाढीको चेतावनी दिएका छन् । वर्षाले हेलिकप्टर, डुंगा, कुकुर र करिब एक हजार ७५० जना कर्मचारी समावेश भएको उद्धार प्रयासलाई जटिल बनाएको छ । 'अझै पनि बाढी निम्त्याउने सम्भावनासहित भारी वर्षाको खतरा छ,' टेक्सासका गभर्नर ग्रेग एबोटले सोमबार एक विज्ञप्तिमा भने । पीडितहरूको संख्या अझै बढ्ने अनुमान गरिएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार टेक्सास भ्रमण गर्ने योजना बनाएको पुष्टि गरे । ह्वाइट हाउसले आलोचकहरूलाई मौसम एजेन्सीहरूमा उनको कटौतीले चेतावनी प्रणालीलाई कमजोर पारेको दाबी गरेको थियो ।

'यी बाढीका लागि राष्ट्रपति ट्रम्पलाई दोष दिनु एउटा गलत हो र राष्ट्रिय शोकको यस समयमा यसले कुनै उद्देश्य पूरा गर्दैन,' प्रेससचिव क्यारोलिन लेभिटले सोमबार पत्रकारहरूलाई भने । शुक्रबार बिहान आएको बाढीलाई ट्रम्पले '१०० वर्षको प्रकोप' भन्दै यसलाई 'कसैले पनि अनुमान नगरेको' बताए ।

यसअघि विपद् राहतलाई राज्य स्तरमा सञ्चालन गर्नुपर्ने भन्दै राष्ट्रपतिले नयाँ संघीय कोष सक्रिय गर्ने र स्रोत मुक्त गर्ने प्रमुख विपद् घोषणामा हस्ताक्षर गरेका छन् । *रासस/एएफपी*

# चीनमा २०० बालबालिकालाई विषाक्त सिसा दिएको आरोपमा प्रिन्सिपल पक्राउ

**बेइजिङ-** उत्तरपश्चिमी चीनमा २०० भन्दा बढी बालबालिका खजुरको केक र मकैको रोलबाट हुने सम्भावित सिसा विषाक्तताका कारण बिरामी परेपछि किण्डरगार्डेनका प्रिन्सिपललाई हिरासतमा लिइएको राज्य सञ्चालित मिडियाले मंगलबार जनाएको छ ।

सिसिटिभीका अनुसार अनुसन्धानकर्ताहरूले तियान्सुई सहरको पेक्सिन किण्डरगार्डेनमा २३३ बालबालिकाको रगतमा 'असामान्य' स्तरको सिसा फेला पारेका छन् । तीमध्ये २०१ बालबालिकाको अस्पतालमा उपचार भइरहेको छ । चीनमा कुनै समय खाद्य सुरक्षा घोटालाहरू सामान्य थिए । सन् २००८ मा दूषित दूधको फर्मुलाले लाखौं शिशुलाई बिरामी बनाएको थियो र छ जनाको मृत्यु भएको थियो ।

बालबालिका बिरामी परेको खबर पाएपछि सहरका अधिकारीहरूले गत हप्ता किण्डरगार्डेनका प्रमुखको अनुसन्धान गरेका थिए । एक अभिभावकले गत हप्ता राज्यद्वारा सञ्चालित जिमु न्युज टच्याब्लोइडलाई बालबालिकाहरूले पेट दुख्ने र वाकवाकी अनुभव गरिरहेको र उनीहरूको केही दाँत कालो भएको बताएका थिए ।

परीक्षणले तीन रङको बफच्याइएको खुर्सानी केक र मकै रोलका नमूनाहरूमा खाद्य दूषित पदार्थको राष्ट्रिय सुरक्षा मापदण्डभन्दा दुई हजार गुणा बढी सिसा फेला पारेको छ । बिहानको खाजामा खुवाइएको केकमा प्रतिकिलोग्राम एक हजार ५२ मिलिग्राम र अर्को खानामा खुवाइएको रोलमा प्रति किलोग्राम एक हजार ३४० मिलिग्राम सिसा रहेको पाइएको थियो ।

चिनियाँ सरकारी अभिलेखअनुसार गहुँ र स्टार्चमा सिसाको राष्ट्रिय सीमा ०.५ मिलिग्राम प्रतिकिलोग्राम छ । सिसिटिभीले सुरक्षा फुटेजमा भान्साका कर्मचारीहरूले दुवै दूषित परिकारहरूमा प्रयोग हुने पिठोको मिश्रणमा प्याकेज गरिएको पहेँलो रङ थप्दै गरेको देखाइएको छ । किण्डरगार्डेनका प्रिन्सिपल झु र लगानीकर्ता लीलाई अन्य छ जनासहित हिरासतमा लिइएको सिसिटिभीले जनाएको छ । अन्य दुई जना 'विचाराधीन जमानत' मा छन् ।

अनुसन्धानकर्ताहरूले झु र लीले भान्साका कर्मचारीहरूलाई अनलाइन खरिद गरिएको पेण्ट पिगमेण्टहरू प्रयोग गरेर खाना उत्पादन गर्न अनुमति दिएको पत्ता लगाए, जुन पछि सिसा भएको र अखाद्य चिह्न लगाइएको थियो । पेक्सिनसँग सम्बन्धित अन्य किण्डरगार्डेनहरूमा जाने बालबालिकाहरूमा गरिएको परीक्षणले सामान्य परिणामहरू देखाएको छ ।

खाद्यसुरक्षा मापदण्डहरू सामान्यतया चीनभरि सुधार भएको छ तर गत वर्ष खाना पकाउने तेल इन्धन बोक्न प्रयोग हुने कण्टेनरहरूमा ओसारपसार गरिएको खुलासाले चिनियाँ सामाजिक मिडियामा आक्रोश फैलाएको थियो । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १९२१०० | प्रति तोला – ० | प्रति तोला – २१७० |

# उद्योगका मुद्दा राष्ट्रका मुद्दा हुन् : मन्त्री भण्डारी



■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)** – उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले मुलुकले चाहेको 'समृद्ध नेपाल, सुखी नेपाली' को सपना साकार पार्न उद्योग व्यवसायका मुद्दालाई राष्ट्रको मुद्दाका रूपमा उठाउनुपर्ने बताएका छन् । ललितपुरमा मंगलबार आयोजित नेपाल उद्योग परिसंघको २२ औं साधारणसभाको उद्घाटन समारोहमा उनले उद्योग व्यवसायीका समस्यालाई क्षेत्र विशेष र निकाय विशेषको मुद्दामा मात्र नभइ देशको मुद्दाका रूपमा दिनुपर्ने बताए ।

मन्त्री भण्डारीले भने, 'नेपालको अर्थतन्त्रमा उद्योगको योगदान पाँच प्रतिशत रहेको छ, कुनै समय १५ प्रतिशत थियो, पुँजी बजारको ८० प्रतिशत क्षेत्र निजी क्षेत्रको रहेको छ, समग्र देशको रोजगारी, उद्यमशीलता उद्योग व्यवसायसँग जोडिन्छ, तर परिसंघले २२ वर्ष पूरा गर्दा पनि सुरूमा उठाएका माग जस्ताको त्यस्तै छन्, उद्योग व्यवसाय राज्यको हो भन्ने भावना राजनीतिज्ञहरूमा हुन सकेन, अब यसलाई सुधार गर्नुपर्नेछ ।' नेपाल उद्योग परिसंघ (सिएनआइ)का संस्थापक अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले परिसंघका एजेन्डा स्पष्ट रहेको उल्लेख गर्दै ती एजेन्डालाई मूर्तरूप दिन सरकारले ध्यान दिनुपर्ने बताए ।

छिमेकी देशको तुलनामा नेपालका उत्पादन ३० प्रतिशत महँगो रहेको र ५० प्रतिशतभन्दा बढी मानिस कृषि क्षेत्रमा जोडिएको भन्दै उनले पैसा तिरेर पनि मल र आवश्यक सामग्री पाउन नसक्ने अवस्था अन्त्य हुनुपर्ने बताए ।

उनले पर्यटन, कृषि र हाइड्रोपावरको क्षेत्रमा आफूले कुरा उठाउन थालेको ३५ वर्ष भएको भन्दै सरकारले ५० लाख पर्यटकलाई नेपाल ल्याउन ध्यान दिएर व्यवस्थापन गर्न सक्ने हो भने एक करोडभन्दा बढी रोजगारी सिर्जना हुनसक्ने बताए ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले आर्थिक तथा व्यावसायिक वातावरण सुधार्न, लगानी अभिवृद्धि एवं सार्वजनिक सेवामा सुशासन प्रवाह गर्न कानुनमा गरिएको सुधार, सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, उत्पादनलाई प्रोत्साहन गर्नेगरी आर्थिक वर्ष २०८२/८३ को बजेटले निजी क्षेत्रलाई आशावान बनाएको बताए ।

नेपाल राष्ट्र बैंक विवरण

# व्यापार घाटा झण्डै १४ खर्ब

## विदेशी मुद्रा सञ्चिति २५ खर्ब ६९ अर्ब

■ प्रभाव संवाददाता



**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनाको अवधिमा मुलुकको कूल व्यापार घाटा झण्डै रु १४ खर्ब बराबर पुगेको हो ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको विवरणअनुसार, कुल वस्तु व्यापार घाटा ६.३ प्रतिशतले वृद्धि भई रु १३ खर्ब ९७ अर्ब २३ करोड बराबर पुगेको छ । कुल वस्तु आयात १३ दशमलव एक प्रतिशतले वृद्धि भई रु १६ खर्ब ४४ अर्ब ८० करोड पुगेको छ । अघिल्लो आवको सोही अवधिमा यस्तो आयातमा एक दशमलव आठ प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः सात दशमलव ६ प्रतिशत, १५ दशमलव तीन प्रतिशत र २९ दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा भटमासको कच्चा तेल, चामल/धान यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, खाने तेल, स्पन्ज आइरनलगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, सुन, विद्युत्तीय उपकरण, रासायनिक मल, कोइला लगायतका वस्तुको आयात घटेको छ ।

निर्याततर्फ भैरहवा, विराटनगर, वीरगञ्ज, सुख्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन अन्तरराष्ट्रिय भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ। जलेश्वर र त्रिभुवन अन्तरराष्ट्रिय भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु एक खर्ब ६७ अर्ब ३० करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु एक खर्ब ३७ अर्ब १३ करोड बराबरको भएको थियो । आर्थिक वर्ष २०८१/८२ को एघार महिनामा कुल वस्तु निर्यात ७७ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब ४७ अर्ब ५७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा तीन प्रतिशतले कमी आएको थियो । गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ११२ प्रतिशत, तीन प्रतिशत र चार दशमलव चार प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा भटमासको तेल, पोलिस्टरको धागो, जुटका सामान, चिया, खोटो लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिंक सिट, जुस, तयारी पोसाक, अलैंचीलगायतका वस्तुको निर्यात घटेको छ ।

### विदेशी मुद्रा सञ्चिति २५ खर्ब ६९ अर्ब

चालु आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्तसम्ममा चालु खाता रु तीन खर्ब सात अर्ब ३१ करोडले बचतमा देखिएको छ ।

चालु आर्थिक वर्षको ११ महिनासम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार यो अवधिमा रु ११ अर्ब ९ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । अघिल्लो आवको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी रु आठ अर्ब २४ करोड रहेको थियो ।

त्यस्तै गत जेठ मसान्तसम्ममा शोधनान्तर स्थिति रु चार खर्ब ९१ अर्ब ४४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु चार खर्ब २५ अर्ब ६७ करोडले बचतमा रहेको थियो ।

कुल विदेशी विनिमय सञ्चितिमा पनि उल्लेख्य सुधार देखिएको छ । चालु आर्थिक वर्ष सुरु हुँदै गर्दा अर्थात् २०८१ असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पछिल्लो ११ महिनामा २५ दशमलव ९ प्रतिशतले वृद्धि भई रु २५ खर्ब ६९ अर्ब ३८ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु २२ खर्ब ७४ अर्ब ४७ करोड र बैंक तथा वित्तीय संस्थासँग रहेको सञ्चिति रु दुई खर्ब ९४ अर्ब ९२ करोड रहेको छ । गत जेठ मसान्तसम्मको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २० दमलव पाँच प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको ११ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव छ महिनाको वस्तु आयात र १४ दशमलव ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

# बोस नेपालले ल्यायो डिजिटल लोयल्टी कार्यक्रम




**काठमाडौं (प्रस)–** अटोमोटिभ टेक्नोलोजीमा विश्वकै चर्चित जर्मन कम्पनी बोसले डिजिटल लोयल्टी कार्यक्रम 'हाम्रो बोस' सुरुवात भएको घोषणा गरेको छ। बोसको नेपालका लागि आधिकारिक वितरक सत्यदिप इन्टरनेश्नलसँगको सहकार्यमा सोमबार एक कार्यक्रम गरी कम्पनीले यसवारे जानकारी दिएको हो ।

काठमाडौंका स्थानीय मेकानिकलाई लक्षित गरी ल्याइएको यस कार्यक्रमले वोश ब्रान्डको स्पयेर पाट्र्सको बजारिकरणमा महत्वपूर्ण योगदान दिने विश्वास लिइएको छ। कार्यक्रममा स्थानिय वितरक, मेकानिक्स र बोस भारतका विशिष्ट व्यक्तित्वहरूसहित १५० जना बढी सहभागी थिए ।

नेपाली बजारकै लागि भनेर विशेष रूपले डिजाइन गरिएको यस एप बोस प्लेटफर्ममा दर्ता भएका मेकानिक्सलाई लक्षित गरि ल्याइएको हो । कार्यक्रममा बोल्दै बोस मोबिलिटी आफ्टर मार्केट भारतकी क्षेत्रीय अध्यक्ष तथा सार्क प्रमुख रिथी सेठीले नेपाल अटोमोटिभ आफ्टर मार्केट क्षेत्रको लागि एक महत्वपूर्ण बजार रहेको बताइन् ।

बोस नेपालका कन्ट्री म्यानेजर सन्दीप कामतले नेपालमा उन्नत उत्पादनहरू र प्रविधिहरू परिचय गराउनमा बोस सधैं अग्रणी रहेको बताए । 'हाम्रो बोस ले नेपालमा रहेका आफ्ना ग्राहकसँग बोसले जोडेको सम्बन्ध र विश्वासको भावनालाई प्रतिबिम्बित गर्दछ' उनले भने ।

सत्यदिप इन्टरनेश्नलका प्रबन्ध निर्देशक दिपेन्द्र मिश्रले २० वर्षभन्दा बढि समयदेखी नेपाली बजारमा बोससंग आबद्ध हन पाउनु गर्बको विषय रहेको बताए ।

# 'मजदुरको न्यूनतम पारिश्रमिक ३० हजार ४४३ तोकिनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले श्रमिकको न्यूनतम पारिश्रमिक रु ३० हजार ४४३ मासिक तोक्नुपर्ने माग राखेको छ । मंगलबार आयोजित पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्ष जगतबहादुर सिम्खडाले न्यूनतम पारिश्रमिकमा अविलम्ब पुनरावलोकन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको पूर्ण कार्यान्वयन तथा श्रमसम्बन्धी कानुनको संशोधनलगायत विषयमा सरकार, रोजगारदाता र सरोकार भएकाहरूको ध्यानाकर्ष गराएको छ ।

यी माग सम्बोधन नभए यही असार २६ गतेदेखि संयुक्त आन्दोलनमा जाने उनको भनाइ थियो । 'वर्तमान बजार मूल्य र परिवारको न्यूनतम जीवनस्तरलाई ध्यानमा राख्दा चार सदस्यीय परिवारको लागि मासिक खर्च रु ३० हजारदेखि रु ३५ हजारको हाराहारीमा पर्छ', उनले भने, 'वैज्ञानिक, तुलनात्मक तथा व्यवहारिक आधारमा श्रमिकको न्यूनतम पारिश्रमिक मासिक रु ३० हजार ४४३ तोकिनुपर्छ ।'

अध्यक्ष सिम्खडाले पारिश्रमिक निर्धारणका लागि त्रिपक्षीय वार्तामा श्रमिकका प्रस्तावलाई गम्भीर रूपमा ग्रहण गर्न सरकारसँग आग्रह गरे । सरकारले प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने संवैधानिक दायित्व छ। पछिल्लो पटक सरकारले विसं २०८० मा रु १७ हजार ३०० मासिक पारिश्रमिक तोकेको थियो। पछिल्ला दुई वर्षमा मुद्रास्फीति, उपभोग्य वस्तुको मूल्यवृद्धि, आवास तथा स्वास्थ्य सेवाको खर्च बढेसँगै श्रमिकको जीवनस्तर प्रभावित भएको केन्द्रले जनाएको हो ।

केन्द्रले श्रमसम्बन्धी ऐन नियममा समयसापेक्ष सुधार र संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयनलगायत १५ बुँदे माग राखेको छ । 'यदि त्रिपक्षीय बैठकमा सकारात्मक निर्णय भएन भने आगामी दिनमा चरणबद्ध संघर्षका कार्यक्रम घोषणा गर्नेछौं', अध्यक्ष सिम्खडाले भने, 'काठमाडौंसँगै सातै प्रदेशमा संयुक्त प्रदर्शन र ज्ञापनपत्र पेस गर्ने कार्यक्रम छ । औद्योगिक करिडोरमा श्रमिक र्‍याली र सभा गर्नेछौं ।'

श्रम प्रशासनमा सुधार र सुदृढीकरण गर्दै, श्रम ऐनमा व्यवस्था भएअनुसार श्रम निरीक्षण प्रणाली, श्रम 'अडिट', कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा समिति एवं श्रमसम्बन्ध समिति गठनलगायत कामहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने केन्द्रको माग छ ।

यस्तै, नेपालको संविधानले मौलिक हकका रूपमा सङ्गठन गर्न पाउने, सामूहिक सौदाबाजी, उचित श्रम अभ्यास र योगदानमा आधारित सामाजिक सुरक्षा अधिकारको व्यवस्था गरेकामा सर्वोच्च अदालतले बैंक तथा वित्तीय संस्थाहरूमा श्रम ऐन लागू नहुने भनि हालै गरेको निर्णयका सन्दर्भमा सबै श्रमिकका लागि श्रम ऐन लागू हुने कानुनी व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहल गर्नुपर्ने केन्द्रको माग छ ।

यस्तै, ठेकेदारी प्रथामार्फत कानुनविपरीत श्रमिक आपूर्ति गर्ने कार्यलाई रोक्न तत्काल त्रिपक्षीय संयन्त्र बनाई श्रम बजारको नियमन गर्नुपर्ने अध्यक्ष सिम्खडाले बताए ।

# सामान्य अंकले घट्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अंकले घटेको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव १४ अंकले घटेर दुई हजार ६८३ दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

३०४ कम्पनीको एक करोड ५० लाख २७ हजार ३७२ कित्ता शेयर ५६ हजार २७६ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५७ करोड ४१ लाख ६६ हजार ८१४ बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव ४१, वित्त एक दशमलव २५, जलविद्युत् शून्य दशमलव ५९, लगानी शून्य दशमलव ०८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३७, लघुवित्त शून्य दशमलव ०७ र व्यापार शून्य दशमलव ३८ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ३७, होटल तथा पर्यटन शून्य दशमलव ०१, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बिमा शून्य दशमलव ३७ र अन्य समूह शून्य दशमलव ७७ प्रतिशतले घटेको छ ।

बक्यौता चुक्ता गर्ने बारे

**अत्यन्त जरुरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही मिति **२०८२ असार २५** गतेसम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ